का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ असार २०८१,
मंगलबार
25 June 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक १३३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# घनश्यामलाई सहयोग गर्ने झलनाथको संकेत

पूर्वप्रधानमन्त्री झलनाथ खनालले महासचिव घनश्याम भुसाललाई नेतृत्वमा अगाडि सार्ने संकेत गरेसँगै नेकपा एकीकृत समाजवादीको महाधिवेशन रोचक मोडमा पुगेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० असार ।

दशौं राष्ट्रिय महाधिवेशको संघारमा रहेको नेकपा एकीकृत समाजवादीका शीर्ष नेताहरू संवादमा जुटेका छन् । आइतबार पार्टी अध्यक्ष माधवकुमार नेपालले पार्टीका सम्मानित नेता झलनाथ खनालसँग संवाद गरेका छन् । संवादमा नयाँ नेतृत्वबारे छलफल भएको नेताहरू बताउँछन् ।

बबरमहलस्थित एक होटलमा भएको शीर्ष नेताहरुको भेटमा एकीकृत समाजवादीका उपाध्यक्षद्वय राजेन्द्र पाण्डे र प्रमेश हमाल समेत सहभागी थिए । नेताहरूका अनुसार पार्टी अध्यक्षमा दाबी गर्दै आएका झलनाथ खनालले महासचिव घनश्याम भूसाललाई अगाडि बढाउने संकेत गरेका छन् ।

झलनाथ खनालले घनश्याम भुसाललाई नेतृत्वमा अगाडि सार्ने संकेत गरेसँगै एकीकृत समाजवादीको महाधिवेशन रोचक मोडमा पुगेको नेताहरु बताउँछन् ।

नेतृत्वमा दोहोरिन खोजिरहेका माधव नेपालले पुस्तान्तरण आवश्यक रहेको, तर एमाले फुटको औचित्व जनतामा स्थापित गर्ने प्रयासमा आफू रहेको र यसका लागि नेतृत्वमा एक पटक अवसर पाउनुपर्ने प्रस्ताव झलनाथ खनालसमक्ष माधव नेपालले गरेका छन् । तर माधव नेपालको यस्तो प्रस्तावमा सम्मानित नेता खनाल मौन रहेका छन् ।

तत्कालीन नेकपा एमालेसँग अलग भएर गठन गरिएको एकीकृत समाजवादीले पहिलो पटक राष्ट्रिय महाधिवेशन गर्न लागेको हो । यसका सदस्य एमालेकै निरन्तरताबाट आएकाले दशौँ महाधिवेशन गर्न लागिएको हो ।

विगतमा एमालेको नेतृत्व गरेका माधव नेपाल र झलनाथ खनालका बीचमा नै फेरि नेतृत्वमा प्रतिस्पर्धा हुने आँकलनका बीच घनश्याम भूसाल नेतृत्वमा आउने तयारीमा अगाडि बढेपछि नेताहरु बाँडिएका हुन् ।

आफू नै नेतृत्वमा आउने चाहना भएता पनि माधव नेपालले रोक्ने अवस्थामा घाश्याम भूसाललाई अगाडि बढाउने झलनाथ खनालको प्रष्ट संकेत छ ।

खनालले भूसाललाई अगाडि बढाउने संकेत गरेपछि माधव नेपाल समूह आन्तरिक छलफलमा जुटेको छ । पुस्तान्तरणको विषय पार्टी भित्र आउँदा कसरी रोक्ने भन्ने ध्याउन्नमा नेताहरु लागेका छन् । यसका लागि आवश्यक नीति र रणनीति अपनाउने गरी माधव नेपाल अगाडि बढेका छन् ।

एकीकृत समाजवादीको राष्ट्रिय महाधिवेशन यही असार १६ देखि २० गतेसम्म काठमाडौंमा हुँदैछ । महाधिवेशनका लागि प्रतिनिधि छनोट लगायतका कार्य भएका छन् । महाधिवेशन आयोजक समिति स्वतः प्रतिनिधि हुने व्यवस्था गरिएकाले करिब चार सय ५० केन्द्रीय नेता स्वतः प्रतिनिधि हुनेछन् । यसअघि केन्द्रीय नेता पनि

पृष्ठ २ मा

सर्वोच्चको व्याख्या

# 'भ्रष्टाचारलाई नैतिक पतन भन्न मिल्दैन'

**शिव विक/मध्यान्ह**
काठमाडौं, १० असार ।

सर्वोच्च अदालतले भ्रष्टाचारलाई नैतिक पतन भन्न नमिल्ने व्याख्या गरेको छ ।

मनाङबाट निर्वाचित प्रतिनिधि सभा सदस्य टेकबहादुर गुरुङले दायर गरेको रिट निवेदनमाथि व्याख्या गर्दै सर्वोच्च अदालतले भ्रष्टाचार मुद्दा लागेकै कारण कुनै व्यक्तिलाई निर्वाचन वा मनोनयनबाट सार्वजनिक पदमा अवरोध गर्न नहुने भनेको छ ।

यो रिटको व्याख्यामा सर्वोच्चले भ्रष्टाचार नैतिक पतन देखिने कसुर हो कि हैन भन्नेबारे पनि व्याख्या गरेको छ । नैतिक पतन देखिने फौजदारी अभियोग तीन वटा अवस्थामा लाग्ने फैसलाको पूर्णपाठमा भनिएको छ ।

पहिलो, कानुनले नै नैतिक पतन हुने कसुर भनेर परिभाषित गरेको छ भने बालबालिका ऐन, २०७५ को दफा ६७ (२) ले बाल यौन दुर्व्यवहारलाई नैतिक पतन देखिने फौजदारी कसुर मानेको पूर्णपाठमा उल्लेख छ ।

पूर्णपाठमा उदाहरणको रूपमा लिखतहरूको गोप्यता सम्बन्धी ऐन २०३० को दफा १२ को उपदफा (२) बमोजिमको खण्ड (क), (ख) वा (ग) बमोजिम सजाय पाउने ठहरिएको कुरा उल्लेख गरिएको छ ।

> सार्वजनिक पदमा रहेको व्यक्तिमाथि भ्रष्टाचार आरोपमा मुद्दा दर्ता भए स्वतः निलम्बनमा पर्ने व्यवस्था छ । यस्तो व्यवस्था हुँदैमा भ्रष्टाचारलाई नैतिक पतन देखिने कसूर भन्न नमिल्ने ब्याख्या अदालतले गरिदिएको हो ।

उक्त ऐन अनुसार दोषी ठहर भएका कुनै व्यक्ति सरकारी वा सार्वजनिक संस्थाको कर्मचारी भइ आफ्नो जिम्मामा वा कार्यालयमा रहेको लिखतको सम्बन्धमा सजाय भागी ठहरिएको रहेछ भने निजले नैतिक पतन देखिने अभियोगमा सजाय पाएको मानिनेछ भन्ने व्यवस्था रहेको पूर्णपाठमा उल्लेख छ ।

नेपाल सरकार वादी हुने मुद्दा दर्ता गर्दैकै समयमा अभियुक्तको नैतिक पतन हुने गरी फैसला गर्न माग गर्नुपर्ने कानुनी व्यवस्था भएको पनि फैसलामा भनिएको छ । जसअनुसार त्यस्तो माग गरेको हुनुपर्ने र माग गरेरमात्र हुँदैन, अदालतले उक्त माग दाबी अनुसार फैसला गरेको हुनुपर्ने पूर्णपाठमा भनिएको छ ।

नैतिक पतन देखिने फौजदारी कसुर भनेर स्पष्ट तोकिएको कसुर नरहेको, अभियुक्त उपर अभियोग लगाउँदा नैतिक पतनको दाबी पनि नरहेको तर कुनै कसुरमा सजाय पाएको कारणबाट कुनै सरकारी वा सार्वजनिक पदको लागि अयोग्यता सिर्जना हुनेरनहुने भन्ने सम्बन्धमा विवाद उत्पन्न हुँदा अदालतले निर्णय गर्नुपर्ने फैसलाको पूर्णपाठमा भनिएको छ ।

गुरुङका हकमा यी अवस्था नरहेको सर्वोच्चको पूर्णपाठमा भनिएको छ ।

पृष्ठ २ मा

# खर्च भएन एमसीसीको बजेट

असाध्यै धेरै विवाद भएको परियोजना हो - एमसिसी । अमेरिकी सहयोग सम्बन्धी यो परियोजना लागू भएको पहिलो वर्षको खर्च निकै न्यून देखिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असार ।

अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) लागू भएको पहिलो वर्षको खर्च निकै न्यून देखिएको छ ।

एमसिसी नेपालमा निकै विवादित र बहस भएको कार्यक्रम हो । अमेरिकी सहयोग सम्बन्धी यो परियोजना लागू भएको पहिलो वर्ष नै बजेट खर्च निकै न्युन देखिएको हो ।

मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल)ले चालु आर्थिक वर्षका लागि पाएको कुल बजेटको करिब ३० प्रतिशत मात्रै खर्च गर्न सकेको छ । खर्च हुन नसकेपछि बाँकी ७० प्रतिशत बजेट समर्पण (सरेन्डर) गरेको छ ।

एमसिए नेपालअन्तर्गतका परियोजनामा खर्च गर्ने गरी चालु आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले १० अर्ब ८४ करोड १७ लाख बजेट विनियोजन गरेको थियो ।

चालु आवका लागि छुट्याइएको उक्त बजेटमध्ये खर्च हुन नसकेको सात अर्ब ६० करोड ७० लाख बजेट सरेन्डर गरिएको एमसिए नेपालका प्रवक्ता पुष्कर माथेमाले जानकारी दिए ।

विद्युत प्रसारणलाइन निर्माणका लागि चाहिने जग्गाको मुआब्जा वितरण र अधिग्रहणको काम सुस्त देखिएपछि लक्ष्यअनुसार बजेट खर्च हुन नसकेको उनले बताए ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीको व्यवस्थाअनुसार कुनै योजना तथा कार्यक्रममा विनियोजित बजेट खर्च गर्न नसक्ने अवस्थामा समर्पण गर्नुपर्ने प्रावधान रहेको छ ।

एमसिसी कम्प्याक्ट विसं २०८० भदौ १३ गतेदेखि पूर्णरुपमा लागू हुने (इन्ट्री इन टू फोर्स-इआइएफ) चरणमा गएको थियो ।

परियोजना निर्माण सम्पन्न गरिसक्नुपर्ने पाँच वर्षको अवधि गणना सुरु भएको करिब एक वर्ष पुग्न लाग्दा आयोजनाको प्रारम्भिक चरणका कामसमेत टुंगिन सकेका छैनन् । यसअघि परियोजनाको पूर्वतयारीका काम नसकीकनै इआइएफ घोषणा भएको भन्दै आलोचना भएको थियो ।

एमसिए नेपालले जग्गा मुआब्जा वितरण तथा अधिग्रहणका काम र ठेक्का प्रक्रियासँगसँगै अघि बढाउन सकिने भन्दै इआइएफ घोषणा गरेको जनाएको थियो ।

परियोजना लागू गर्नका लागि पूरा हुनुपर्ने भनी एमसिसी कम्प्याक्टमा तोकिएका सर्तहरुमध्ये जग्गाको अधिग्रहण पनि एउटा मुख्य सर्त थियो । उक्त सर्त अझै पूरा हुन सकेको छैन ।

प्रसारणलाइन र सडक विस्तार आयोजनाका लागि आवश्यक जग्गाको मुआब्जा वितरण तथा प्राप्ति, वन क्षेत्रभित्रको जग्गा प्रयोग अधिकार सुनिश्चितता र परियोजना बन्ने क्षेत्रसम्मको पहुँचको पूर्वसर्त पूरा हुनसकेका छैनन् । उल्लेखित सर्तका विषय पूरा हुने आधार देखिएको भन्दै एमसिए-नेपालले इआइएफ तोकेको थियो ।

पृष्ठ २ मा

देवकोटा फेरि सांसद्

# माओवादीले गरेको कारबाही बदर

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १० असार ।

गण्डकी प्रदेशका सांसद फणिन्द्र देवकोटाको निलम्बन बदर भएको छ । देवकोटा पदमुक्त हुँदा ६० सदस्यीय प्रदेश सभा ५० सदस्यमा झरेको थियो ।

सोमबार सर्वोच्च अदालतका न्यायाधीश प्रकाशमान सिंह राउतको इजलासले देवकोटालाई गण्डकी प्रदेश सभाको सदस्यको हैसियतमा कार्यरत रहन दिनू भनी अन्तरिम आदेश जारी गरेपछि उनी अबका दिनमा प्रदेश सभामा सहभागी हुन पाउने भएका छन् ।

सर्वोच्च अदालतले यो विवादमा सत्ता गठबन्धनको विपक्षमा हुने गरी निर्णय सुनाएको छ ।



सर्वोच्चले देवकोटालाई माओवादी केन्द्रको सांसद नभइ नेपाल समाजवादी पार्टीको भएको भनी व्याख्यासमेत गरेको छ । सर्वोच्चले उनी माओवादीको निर्वाचन चिह्न लिएर निर्वाचित भए पनि उक्त दलको सदस्य नभएको भनी स्पष्ट भनेको छ ।

सर्वोच्चले यसका लागि तीन वटा आधार लिएको छ ।

आधारको रूपमा देवकोटा संलग्न भएको दल माओवादी नभएको भन्दै माओवादीले कारबाही गर्न नमिल्ने जिकिर गरेको छ ।

सर्वोच्चले राजपत्रमा प्रकाशित भएको सूचना र सम्बन्धित दलले कुनै पनि निर्णय गरेको वा दल त्याग नगरेको आधार नदेखिएको भनेको छ ।

सर्वोच्चले यी तीन वटै आधारमा टेकेर माओवादी केन्द्रले गरेको कारबाही हालका लागि असंवैधानिक ठहर गर्दै उल्ट्याइदिएको हो ।

वैदेशिक रोजगार विशेष

# बेलग्रेडमा १० जना नेपाली अलपत्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असार

नेपाली कांग्रेसका उपसभापति एवं सांसद धनराज गुरुङले सर्वियाको राजधानी बेलग्रेडमा १० जना नेपाली अलपत्र परेको बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा सोमबार विशेष समय लिएर बोल्दै सांसद गुरूङले वैदेशिक रोजगारीका नाममा नेपाली युवाहरू ठगिने क्रम नरोकिएकाले सरकार गम्भीर हुनुपर्ने माग गरे ।

कांग्रेसको जनसम्पर्क समिति कुवेतले आयोजना गरेको कार्यक्रम भाग लिएर स्वदेश फर्किने क्रममा साढे ६ लाख रूपैयाँ खर्च गरेर सर्वियाको राजधानी बेलग्रेड पुगेर फर्केका ५



जना नेपाली युवाहरूसँग कतारको दोहा ट्रान्जिटमा भेट भएको भन्दै सांसद गुरूङले थप १० जना बेलग्रेडमै अलपत्र अवस्थामा रहेको जानकारी पाएको बताए ।

सांसद गुरूडले बेलग्रेडमा अलपत्र परेकामध्ये झापा र बर्दियाका युवाहरू रहेको भन्दै वैदेशिक रोजगारका नाममा प्रतियुवा साढे ६ लाख रूपैयाँ उठाउने र काम नै नभएको विदेशी कम्पनीमा पठाउने विषय डरलाग्दो भएको टिप्पणी गरे । गुरूङले झापाको

पृष्ठ २ मा

## मानव बेचबिखनको आरोपमा महर्जन पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगार अन्तर्गत कम्पनीमा काम लगाइदिन्छु भन्दै भिजिट भिसामा युएइ पुऱ्याएर बेचेको आरोपमा एक जना पक्राउ परेका छन् ।

ललितपुर महानगरपालिका वडा नम्बर ८ बाट गत शुक्रबार पक्राउ परेका ४२ वर्षीय मनोज महर्जनलाई मानव बेचबिखन अनुसन्धान ब्यूरोले सोमबार सार्वजनिक गरेको हो ।

प्रहरीले उनलाई मानव बेचबिखन तथा ओसारप्रसार मुद्दामा काठमाडौं जिल्ला अदालतबाट सोमबार ५ दिनको म्याद थप गरेर थुनामा राखेको छ । उनले दुबइमा टिस्यु पेपर प्याक गर्ने कम्पनीमा काम लगाइदिन्छु भन्दै बेचेको जाहेरी परेको ब्यूरोका प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रले जानकारी दिए ।

पृष्ठ २ मा

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने विज्ञापन एजेन्सी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

मध्यान्ह
www.madhyanhadaily.com
११ असार २०८१, मंगलबार
25 June 2024, Tuesday

# अर्घाखाँचीका पालिकाले ल्याए बजेट

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १० असार

अर्घाखाँचीका पालिकाहरुले बजेट ल्याएका छन् । भूमिकास्थान नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ८६ करोड ८८ लाख ४७ हजार बराबरको बजेट ल्याएको छ । जुन चालु आर्थिक वर्षको भन्दा बढी हो । चालु आर्थिक वर्षमा ८६ करोड ५८ लाख ३६ हजार बराबरको बजेट ल्याएको नगरपालिका का प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले बताए । नगरपालिकाका नगर उपप्रमुख बालकृष्ण बन्जाडेले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको कुल बजेटमध्ये ५७ करोड १० लाख ६२ हजार अर्थात ६५.७३ प्रतिशत चालुतर्फ विनियोजन गरिएको छ भने २९ करोड ७७ लाख ८५ हजार अर्थात् ३४.२७ प्रतिशत रकम पुंजीगत छुट्टाइएको नगरपालिकाका योजना अधिकृत हरिषचन्द्र भुसालले मध्यान्हलाई बताए ।

आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय वित्तीय सामानीकरण अनुदान ११ करोड ०२ लाख, सशर्त अनुदान ३५ करोड ५२ लाख ६५ हजार, संघीय राजश्व बाँडफाँड ११ करोड १० लाख ११ हजार, संघीय सरकार विशेष अनुदान पुंजीगत रु. ५५ लाख, संघीय सरकार समपूरक अनुदान पुंजीगत रु.१ करोड, संघीय सरकार रोयल्टी रु. २७ लाख ८८ हजार र प्रदेश सरकार वित्तीय समानीकरण अनुदान रु. ७४ लाख ८२ हजार, प्रदेश सरकार समपूरक अनुदान रु १ करोड ५ लाख, प्रदेश नवप्रवर्द्धन स्याचिंग रु १ करोड, प्रदेश सशर्त अनुदान रु १ करोड १० लाख र प्रदेश राजश्व बाँडफाँड तर्फ रु. १ करोड ४० लाख रहेको छ । नगर उपप्रमुख बालकृष्ण बन्जाडेले आगामी आर्थिक वर्षमा तलब भत्ता तथा कार्यालय सञ्चालनका लागि रु. १० करोड ६९ लाख ८१ विनियोजन गरेका छन् भने जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा कर्यक्रमको लागि रु. १८ करोड ५० लाख विनियोजन गरीएको नगरप्रमुख झविलाल थापाले बताए ।

जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम बाहेकको कुल विनियोजित बजेट रु.६८ करोड ७४ लाख ३८ हजा मध्ये आर्थिक विकास तर्फ रु. ३२ करोड ८९ लाख ९४ हजार अर्था ५ प्रतिशत, सामाजिक विकास तर्फ रु. ३९ करोड ७९ हजार ३१ हजार अर्थात ५८ प्रतिशत, पूर्वाधार विकास तर्फ रु. १३ करोड ९१ लाख




अर्थात २० प्रतिशत, वन वातावरण तर्फ रु. ४० लाख र सुशासन तथा संस्थागत विकास क्षेत्रमा रु. १० करोड ९९ लाख ४९ हजार अर्थात १६ प्रतिशत बजेट विनियोजन गरीएको नगरपालिका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीको दाबी छ ।

नगरपालिकाले आगामी आर्थिक वर्षमा रोजगारी, स्वरोजगार र उत्पादनलाइ प्राथमिकतामा राख्ने नीति बमोजिम बाँझोजग्गामा सूचीकृत बेरोजगारहरुलाइ काममा लगाइ रोजगार प्रदान गर्ने कार्यक्रमलाइ व्यापकता दिने भएकोछ । यसै गरी आगामी आर्थिक बर्षमा ५०० व्यक्तिलाइ स्वरोजगार बनाउने गरी हस्तकलाका सामग्री उत्पादन र बजारीकरणमा संलग्न गराउने गरी कार्य गर्न नवप्रवर्द्धनात्मक कार्यक्रमको रुपमा कर्मशील जनशक्तिहरुलाई संलग्न गराउने नगरप्रमुख झबिलाल थापाले दाबी गरे ।

पर्यटनबाटै समृद्ध सन्धिखर्क बनाउने घोषणा

सन्धिखर्क नगरपालिकाले पर्यटनबाटै समृद्ध सन्धिखर्क बनाउने घोषणा गरेको छ । आगामी आर्थिक बर्ष २०८१/८२ का लागि १ अर्ब ७ करोड ११ लाख १७ हजार रूपैयाको बजेट ल्याउँदै यस्तो घोषणा गरिएको हो ।

नगरपालिकाको १६ औ नगर सभामा नगरपालिका का उपप्रमुख मिश्रा आचार्यले १ अर्ब ७ करोड ११ लाख १७ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेका हुन् ।

नगरपालिका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालका अनुसार सन्धिखर्क नगरपालिकालाई कृषि, पशुपालन र पर्यटनको माध्यमबाट विकास गर्ने गरी आगामी बर्षको नीति तथा कार्यक्रम र बजेट ल्याइएको हो ।

नगरपलिकाका प्रमुख कृष्ण प्रसाद श्रेष्ठले मध्याह्नलाई जानकारी दिए अनुसार सन्धिखर्क नगरपालिका को कुल बिनियोजन बजेट मध्ये ७३ करोड ३७ लाख ९० हजार अर्थात ६८.५ प्रतिशत रहेकोमा सशर्त तर्फ अनुदान चालू खर्च ३८ करोड ६ लाख २० हजार अर्थात ३५.५३ प्रतिशत रहेको छ ।

नगरपालिका तर्फको चालू खर्च १५ करोड ८७ लाख ३४ हजार अर्थात १४. ८२ प्रतिशत रहेको नगरपालिका का उपप्रमुख मिश्रा आचर्यले बताइन् ।

नगरपालिकाको कुल बिनियोजन बजेट मध्ये पुजिगत खर्च ३३ करोड ७३ लाख २७ हजार अर्थात ३१. ५ प्रतिशत र सामाजिक सुरक्षा तर्फ १९ करोड ४४ लाख ३६ हजार अर्थात १५. १८ प्रतिशत रहेको नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

यस्तै, आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च ब्योहोर्ने श्रोत मध्य सन्चित कोष र अन्य कोषबाट ४ करोड १७ लाख २६ हजार देखाइएको छ ।

आन्तरिक राजश्व बाट ३ करोड २० लाख सघिय सरकार लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने १३ करोड १७ लाख ६२ हजार सघिय सरकार प्रदेस सरकार बाट प्राप्त हुने बित्तिय समानिकरण अनुदान बाट प्राप्त हुने १४ करोड १५ लाख ५९ हजार भनिएको छ ।

सशर्त अनुदान तर्फको अन्तर सहकारी बित्तिय हस्तान्तरण अन्तरसहकारी अख्तियारीबाट ७२ करोड ४० लाख ७० हजार ब्योर्ने नगरपालिका का शाखा अधिकृत मन्जु खनालले बताइन् ।

मालारानी गाउँपालिकाको बजेट ६१ करोड १४ लाख

मालारानी गाउँपालिकाकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि ६१ करोड १४ लाख ९५ हजारको बजेट प्रस्तुत भएको छ । पालिका उपाध्यक्ष दिपा पोखेलले आगामी आर्थिक वर्षको बजेट सभामा पेश गरेकी हुन् । चालुतर्फ ४३ करोड ७९ लाख ९३ हजार र पूँजीगततर्फ १७ करोड ३५ लाख २ हजार विनियोजन गरिएको छ ।

प्रस्तुत भएको बजेटमा पालिकाको आर्थिक विकासमा बजेटको ९.२ प्रतिशत, सामाजिक क्षेत्रमा २२.८ प्रतिशत, पूर्वाधार विकाशमा ३३.९ प्रतिशत, वन वातावरण तथा विपद् व्यवस्थापनमा २.७ प्रतिशत, सार्वजनिक सेवा प्रवाहमा ३१.३ प्रतिशत खर्च हुने गरी बजेट विनियोजन गरेको हो । पालिकाले यस वर्ष कृषिलाई प्राथामिकतामा राखेर बजेट ल्याएको छ । पालिका स्तरीय भेटनरीमा डाक्टर नियुक्तीको लागि बजेट विनियोजन गरेको छ । भेटनरी प्रयोगशालालाई सवलीकरण गर्ने, आलु पकेट कार्यक्रम, सुन्तला बगैंचा, मालारानी कृषि तथा पशु उद्यमशिलता परियोजना बहुवर्षीय योजनाको लागि १ करोड १२ लाख विनियोजन गरेको छ ।

व्यवसायिक रुपमा कृषि गर्ने किसानहरुलाई मेसिनरी औजार, कुटानी पिसानी मिलको लागि बजेट विनियोजन गरेको छ । उन्नत जातको बिउ वितरणको लागि ८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । गाउँपालिकाको सिफारिसमा वित्तीय संस्थाबाट ऋण लिने उद्यमीहरुलाई व्याजमा ५० प्रतिशत अनुदान दिने गरी बजेट प्रस्तुत भएको छ । पालिकाकाको स्रोतमा सञ्चालन भएको प्राविधिक विद्यायल बालिविज्ञान सिद्धार्थ माध्यमिक विद्यालयमा प्रशिक्षक र सहायक प्रशिक्षकको लागि पारिश्रमिकको लागि २० लाख ४० हजार विनियोजन भएको छ ।

शिक्षण सिकाइ डिजिटल प्रबिधिबाट गर्ने कार्यको लागि ४९ लाख ५८ हजार रकम विनियोजन भएको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई सेन्टरी प्याड खरिदको लागि १७ लाख ७३ हजार बजेट विनियोजन गरेको हो । यस्तै पालिकाभित्र सञ्चालन भएका लिफ्ट खानेपानी आयोजनाको ८० प्रतिशत विद्युत महशुल पालिकाले भुक्तानी गर्ने गरी अनुदानको लागि बजेट विनियोजन गरेको छ ।

# परोहा नगरपालिकाको बजेट साढे ४८ करोड




**सत्येन्द प्रताप सिंह/मध्यान्ह**
रौतहट, १० असार

रौतहटको परोहा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ मा पाकिलाबासीलाई प्रत्यक्ष रुपमा लाभान्वित हुने खालको योजनाहरु समावेश गरेर करिब साढे ४८करोडको बजेट ल्याएका छन् । परोहा नगरपालिकाको सभाकक्षमा आयोजित ८ औं नगर अधिवेशनबाट आगामी वर्ष पालिकालाई धुँवामुक्त पालिका बनाउने उद्देश्यबाट पालिकाभित्र ७ हजार परिवारलाई ग्यास सिलिण्डरसहित चुल्हो वितरण गर्ने, गरिव असहाय एवं घरविहीन परिवारलाई ओत लाग्न संघ, प्रदेशसँग समन्वय गर्ने नभएमा पालिकाबाटै घर बनाउने व्यवस्थापन गरिने मेयर शेख वकिलले बताए ।

आगामी आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख वकिलले मेयर जनता कार्यक्रम अन्तर्गत भोकभोकै बस्नुपरेका जनताहरुलाई महिनाको १० किलोग्राम राशनको व्यवस्थापन गरिने छ । प्रत्येक वडामा अधिकतम ५० जनालाई महिनाको १० किलोग्राम राशन उपलब्ध पालिकाबाट गराउने प्रतिबद्धता जनाए । आगामी वर्षमा शिक्षा, स्वास्थ्य, कृषि, सडक, लगायतका विभिन्न कार्यहरुका लागि ४८ करोड ४४ लाख ११ हजार १ रुपैयाँको आयव्यय प्रस्तुत गरेको नगरपालिकाको इञ्जिनियर दिपेन्द्र यादवले बताए ।

नगरपमुख वकिलको सभापतित्वमा सम्पन्न सो अधिवेशनमा उपप्रमुख सुगान्धी देवी, प्रमुख प्रशासकीय अधिकृत महफुज अहमद, वडाध्यक्षहरु, नेपाली कांग्रेसका सचिव रामचन्द्र गिरी, नगरपालिकाको कर्मचारी, स्थानीय बासिन्दाहरु र सञ्चारकर्मीहरुको उपस्थितिमा ८ औं नगरअधिवेशनको खुला सत्र सम्पन्न भएको थियो ।

# पोखरिया नगरको बजेट ४७ करोड १२ लाख ९३ हजार

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, १० असार ।

पर्सा की पोखरिया नगरपालिकाको आर्थिक वर्ष ०८१/८२ को आठौ नगरसभाले ४७ करोड १२ लाख ९३ हजार बराबरको बजेट ल्याएको छ ।

आठौ नगरसभामा नीति तथा कार्यक्रममा आर्थिक वर्ष २०८१/८२ को लागी ४७ करोड १२ लाख,९३ हजार को बजेट वडाअध्यक्ष लक्ष्मण साह कानुले सार्वजनिक गरेका हुन् ।

नगरसभाको उद्घाटन पोखरिया नगरपालिका नगरप्रमुख प्रधुमन चौहानले गरेका थिए ।

नगर सभा कार्यक्रमबाट स्वास्थ्य, शिक्षा, कृषि, पशु, पर्यटन, भौतिक पुर्वधार सिंचाई, विकासमा, महिला बालबालिका उत्थान, खेलकुद, जेष्ठ नागरिक सम्मान लगायतको योजना हरु प्राथमिकतामा छ ।

नगरसभा कार्यक्रममा प्रमुख प्रसाशकिय अधिकृत अजय श्रीबास्तव ले नगरपालिकाको विकासमा सबै जनप्रतिनिधि र कर्मचारीहरु मिलेर अगाडि बढन आवश्यक रहेको बताए ।

नगरसभा कार्यक्रममा वडाध्यक्ष प्रमोद गिरी, केदार प्रसाद, महेन्द्र महतो, लक्ष्मण साह कानु, शियानन्द चौहान, प्रमान्नद पटेल, नौसाद आलम,सोनालाल साह, किसोरी साह उपस्थित थिए

यसैगरी, नेपाल पत्रकार महासंघ पर्सा को सभापति अनुप तिवारी, राजनितिकर्मी नेजामुदिन समानी, रामेश्वर रौनियार,राजु साह लगायतले नगरसभामा सफलताको शुभकामना मन्तब्य ब्यक्त गरे ।

कार्यक्रममा कार्यपालिका सदस्य ,नगरपालिका सदस्य कर्मचारी लेखापाल मनदिप महतो, अधिकृत बिजय झा, स्वास्थ्य संयोजक कौसलेन्द्र झा, आईटी अफिसर अरबिन्द दुबेदी, संदिप साह, समाजिक शाखा प्रमुख वाल्मीकि साह, कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी लगायतको सहभागिता रहेको थियो । कार्यक्रम सञ्चालन समाजिक शाखा सहायक प्रमुख नरेन्द्र साहले संचालन गरेका थिए ।

# पकाहामैनपुरको बजेट : प्राथमिकतामा स्वास्थ्य, शिक्षा, कृषि र सिंचाइ

स्वास्थ्य, शिक्षा, कृषि र सिंचाइलाई प्राथमिकतामा राख्दै पर्साको पकाहामैनपुर गाउँपालिकाले बजेट ल्याएको छ ।

१२ औ गाउँ सभामा आथिक वर्ष २०८१/८२ को निति तथा कार्यक्रम गाउँपालिकाको सभा हलमा आयोजित कार्यक्रममा प्रस्तुत भएको हो ।

नगर सभा गाउँपालिका अध्यक्ष सुरेश मेहताको अध्यक्षतामा सम्पन्न भएको छ । निति तथा कार्यक्रम मा ३३ करोड १३ लाख ५५ हजार बराबरको अनुमानित बजेट कार्यपालिका सदस्यको निर्देशन मा प्रमुख प्रसाशकिय अधिकृत उदयशंकर चौधरीले सार्जजनिक गरेका थिए ।

कार्यक्रममा स्वास्थ्य, शिक्षा, कृषि, सिंचाई, भौतिक पुर्वाधार बिकास निर्माण, लगायत महिला बालबालिका ,जेष्ठ नागरिक सम्मान कार्यक्रम लाई प्राथमिकता राखिएको छ ।

कार्यक्रममा वडाअध्यक्ष, कार्यपालिका सदस्य, गाउँपालिका सदस्य, कर्मचारी, सुरक्षाकर्मी पत्रकार, स्थानियहरु को सहभागिता थियो ।

# कपिलवस्तुका अबु सुफियान खान साउदी अरवियाको राजदूतमा सिफारिस

**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु ,१० असार

साउदी अरवियाको राजदूत कपिलवस्तुको भागमा परेको छ । कानूनमन्त्री पदम गिरीका अनुसार कपिलवस्तुको मायदेवी गाँउपालिका वडा नम्बर २ भैसकुण्डाका अबु सुफियान खान मुसलमानको नाम साउदी अरवियाका लागि सिफारिस भएको हो ।

राजनीतिक भागवण्डामा राजदूत नियुक्त भएकोमा असोक राई नेतृत्वको जनता समाजवादी पार्टीबाट मुसलमान सिफारिसमा परेका हुन् । कपिलवस्तु घर भएपनि मुसलमानले काठमाडौंमा व्यवसाय गर्दै आएका छन् ।

राजदूतमा सिफारिस भएका मुसलमानले साउदी अरवियामा रहेका कामदार र नेपाल हजयात्रीका समस्या समाधान गर्नु आफ्नो दायित्व रहेको बताए । कपिलवस्तु दोस्रो मुस्लिम बहुल्यता भएको जिल्ला हो । त्यसैकारण पनि जिल्लाले राजदूत पाएको उक्त पार्टीले जनाएको छ । साउदीसँगै रिक्त रहेका ११ मध्ये आठ मुलुक भारत, अमेरिका, बेलायत, दक्षिण कोरिया, डेनमार्क, मलेसिया र स्पेनमा राजदूत सिफारिसको निर्णय भएको छ । सरकारले अझै इजरायल, पोर्चुगल र कतारका लागि राजदूत सिफारिस गर्न बाँकी छ ।

# अटो चालकलाई सडकमै प्रशिक्षण

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १० असार

सवारी दुर्घटना न्यूनीकरण गर्न जिल्ला ट्राफिक कार्यालय दोलखाले सडकमै अटो सवारी चालकलाई प्रशिक्षण दिन शुरु गरेको छ । जिल्ला ट्राफिक कार्यालय दोलखाको आयोजना तथा ट्राफिक कार्यालय दोलखाका प्रमुख ठाकुर प्रसाद भट्टराईको सक्रियतामा अटो चालकहरुलाई सडकमै प्रशिक्षण दिन शुरु गरेको हो ।

'ट्राफिक नियम जानौ र मानौ आफू पनि बचौं र अरुलाई पनि बचाऔं' अभियानका साथ सचेतना अभियान शुरु गरेको ट्राफिक प्रमुख भट्टराईले जानाकारी दिए । उनका अनुसार चालकलाई सडकमै करिब आधा घण्टा समय लियर प्रशिक्षण दिन थालेको हो । सडकमा तीव्र गतिमा सवारी चलाउँदा पर्न जाने समस्यासँगै बढ्दो दुर्घटना न्यूनीकरणलाई घटाउन भन्दै अभियान शुरु गरेको बताए । सवारी चालकलाई प्रशिक्षण दिंदै भट्टराईले भने 'तीबव गति जीवनको क्षति भन्ने कुरालाई मनन गरेर सिट क्षमता भन्दा बढी यात्रु नराखौं,जिम्मेवार चालक बनेर दुर्घटना न्यूनीकरण गरौं ।'

प्रमुख भट्टराईले अटो चालकहरुलाई सदरमुकाम चरिकोटस्थित सातदोबाटोमै सवारी चालक, सवारी धनी र सर्वसाधरणलाई राखेर दुर्घटना न्यूनीकरण गर्न जिम्मेरवार बन्न आग्रह गरे । जिल्ला ट्राफिक कार्यालय दोलखामा हालै नयाँ ट्राफिक प्रमुख भट्टराई आएपछि जिल्लाको ट्राफिक उल्लंघन तथा न्यूनीकरणमा उल्लेखनीय सकारात्मक भूमिका खेलेको पाइन्छ । सदरमुकाम चरिकोटमा गत वर्षहरुमा सदैव जसो सडक ट्राफिक नियम पालनाप्रतिको कर्तव्य र ट्राफिकको दायित्व अस्तव्यस्त बनेको बेला हाल जिल्लामा ट्राफिक प्रमुख भट्टराईको आगमनसँगै बजारको सौन्दर्य तथा ट्राफिक नियम, दुर्घटनाको कमी भएको यहाँका सर्वसाधारण तथा सवारी चालकहरुको भनाइ छ ।

## घनश्यामलाई ...

चुनियर आउनपर्ने निर्णय गरिएकामा उक्त व्यवस्थालाई संशोधन गरी केन्द्रीय तहका नेता स्वतः प्रतिनिधि हुने व्यवस्था गरिएको छ । पार्टीको महाधिवेशनका लागि आवश्यक कार्य सकिँदै गएपछि नेताहरु नेतृत्वकै विषयमा केन्द्रित भएका हुन् ।

आइतबार झलनाथ खनालसँग संवाद गरेका माधव नेपालले आइतबार बिहान आफ्ने समूहका नेताहरुको गोप्य बैठक राखे । जहाँ अध्यक्ष नेपालले पुस्तान्तरणको नाममा नेतृत्व विस्थापित गर्न खोजिएकाले चनाखो हुनुपर्ने ब्रिफिङ गरेका थिए ।

## सर्वोच्चको...

समाजकल्याण परिषद्को नाममा रहेको भृकुटीमण्डपको जग्गा फनपार्कको नाममा भाडामा दिँदा भ्रष्टाचार भएको भनी अख्तियारले २०७५ माघ २१ गते टेकबहादुर गुरुङ लगायतविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

२०७४ सालको निर्वाचनबाट निर्वाचित उनी मुद्दा दायर भएपछि स्वतः निलम्बनमा परेका थिए । उनले सांसदको रूपमा काम गर्न पाएका थिएनन् ।

निलम्बनमा रहेकै अवस्थामा कांग्रेस नेता गुरुङ २०७९ साल मंसिर ४ गतेको निर्वाचनमा मनाङबाट फेरि उम्मेदवारी दिएर निर्वाचित भए । भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानुनमा मुद्दा लागेपछि व्यक्ति निलम्बित हुने व्यवस्था भए पनि निर्वाचन कानुनमा उम्मेदवारी दिन नपाउने व्यवस्था नभएका कारण उनी उम्मेदवार भएका थिए ।

संसद् सचिवालयले २०७९ पुस १२ मा 'उनी स्वतः निलम्बन भएको सूचना जारी गरेको थियो । लगत्तै विशेष अदालतले २०७९ फागुन १५ मा गुरुङलाई भ्रष्टाचारको मतियारमा दोषी ठहर गर्दै उनीबाट एक करोड २१ लाख रुपैयाँ असुल्नुपर्ने फैसला गरेको थियो ।

त्यसविरुद्ध गुरुङ अदालत गएका थिए । त्यसमाथि सुनुवाई सकेर हालै सार्वजनिक गरेको पूर्ण पाठमा अदालतले भ्रष्टाचारको आरोप लागेको सांसद अन्तिम फैसला नहुँदासम्म पदबाट निलम्बन वा पदमुक्त हुन नसक्ने व्याख्या गरेको छ ।

## खर्च ...

एमसिए-नेपालअन्तर्गत बनाउने भनिएका विद्युत् प्रसारणलाइन र सडक निर्माण दुवै तर्फको काम सुस्त छ । जग्गा अधिग्रहण र प्राप्तिको काम अझै टुंगिन सकेको छैन ।

प्रसारणलाइन निर्माणका तीन चरणमध्ये एउटामा जग्गा अधिग्रहणबिना नै बोलपत्र मूल्यांकन प्रक्रिया अगाडि बढाउन लागिएको छभने बाँकी दुई चरणमा बोलपत्र आह्वान नै हुन सकेको छैन ।

एमसिए नेपालले विद्युत प्रसारणलाइन आयोजनाअन्तर्गत तीनवटा सबस्टेसन र काठमाडौंको लप्सीफेदीबाट नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) स्थित नेपाल-भारत सीमासम्म तीन सय १५ किलोमिटर चार सय केभी प्रसारण लाइन निर्माण गर्ने तय भएको छ ।

उक्त प्रसारण लाइनअन्तर्गत न्यू बुटवल-नेपाल/भारत सीमा क्षेत्रसम्म १८ किमी प्रसारण लाइन खण्डको ठेक्का प्रक्रिया अघि बढेर मूल्यांकनको चरणमा पुगिसकेको छ तर त्यो क्षेत्रको जग्गा मुआब्जा बाँड्ने र अधिग्रहण गर्ने काम निकै सुस्त छ ।

सन् २०२४ मार्च १५ मा पहिलो सूचना प्रकाशित भएर अघि बढेको खरिद प्रक्रियाको प्रस्ताव पेस गर्ने मिति सन् २०२४ मे २७ मा सकिसकेको छ ।

उक्त प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्रहरूको मूल्यांकन भइरहेको र आगामी साउनभित्रै निर्माण सम्झौता गर्ने तयारी भइरहेको एमसिए नेपालको भनाइ छ । आगामी साउनभित्र जग्गा मुआब्जाको काम सकिसक्ने अवस्था नदेखिएको नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम) का प्रमुख जिल्ला अधिकारी एवम् आयोजनाको जग्गा अधिग्रहण तथा मुआब्जा क्षतिपूर्ति निर्धारण समितिका संयोजक स्किम श्रेष्ठले बताए ।

'मुआब्जा निर्धारणका लागि प्राविधिक अध्ययन र मूल्याङ्कनको काम भइरहेको छ । यसमा धेरैवटा विषय जोडिएकाले कहिलेसम्ममा काम सकिन्छ भनेर यकिन भन्न सकिँदैन । त्यस्तो निश्चित समयसीमा पनि तोकिएको छैन । हामी यथाशीघ्र काम सक्ने गरी अगाडि बढेका छौं', उनले भने ।

सुरुआती लागत अनुमानभन्दा बढी रकमको ठेक्का प्रस्ताव भएपछि ती ठेक्का प्रक्रिया रद्द भएको एमसिए नेपालले तर्क गरेको थियो । पुनः खरिद प्रक्रिया अघि बढाउन आयोजनाको 'डिजाइन प्यारामिटर' र निर्माणसम्बन्धी प्रावधानमा संशोधन गर्न लागिएको एमसिए नेपालका प्रवक्ता माथेमाले बताउनुभयो । उहाँका अनुसार बोलपत्रसम्बन्धी कागजातहरु पुनः तयार गर्नु तथा त्यसलाई पुनः प्रकाशन गर्नु प्राविधिक प्रक्रिया भएकाले समय लागेको हो । अघिल्लो पटक प्राप्त बोलपत्रहरुको मूल्य बढी हुनाका प्रमुख कारण पहिचान गर्न र त्यसलाई सम्बोधन गर्न 'डिजाइन प्यारामिटर' र निर्माणसम्बन्धी प्रावधानलाई समीक्षा गर्ने जिम्मेवारी एमसिए नेपालले आफ्नो सुपरीवेक्षण इञ्जिनियरिङ फर्मलाई दिएको थियो । सोही कारणले हालसम्म बोलपत्र पुनः आह्वान गर्ने र करार गर्ने प्रक्रिया शुरु हुन सकेको छैन ।

यसैबीचमा, एमसिए नेपालले नुवाकोटको बेलकोटगढी नगरपालिका-७ रातमाटेमा चार सय केभी सबस्टेसन निर्माण गर्न यही असार १ गते भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनी लिमिटेडसँग सम्झौता गरेको छ । उक्त चार सय केभी ग्यास इन्सुलेटेड स्विचगियर (जिआइएस) सबस्टेसनको ३९ महिनाभित्र निर्माण गरिनेछ ।

पाँच करोड १६ लाख अमेरिकी डलरमा निर्माण गरिने नयाँ रातमाटे सबस्टेसनले लप्सीफेदी र नयाँ हेटौँडा सबस्टेसनहरुबीच विद्युत प्रसारणका लागि महत्वपूर्ण भूमिका खेल्ने जनाइएको छ ।

एमसिए-नेपालअन्तर्गत निर्माण गर्ने भनिएको विद्युत प्रसारण लाइन र सबस्टेसनका लागि एक हजार चार सय ७१ हेक्टर जमिन आवश्यक पर्ने जनाइएको छ । जसमध्ये रातमाटेमा २० दशमलव २७ हेक्टर क्षेत्रफल जग्गा अधिग्रहणका लागि एक अर्ब ४६ करोड ८४ लाख ६८ हजार चार सय ९७ बराबरको मुआब्जा वितरण गरिएको छ ।

न्यून दमौली सबस्टेसन र न्यू बुटवल सबस्टेसनका लागि नेपाल विद्युत् प्राधिकरणले जग्गा उपलब्ध गराउने एमसिए नेपालले जनाएको छ ।

प्रसारण लाइन टावरको जग निर्माण गर्न १० जिल्लामा एक सय चार हेक्टर जग्गा आवश्यक पर्नेछ ।

एमसिए नेपालले चालु आवका लागि पाएको कूल १० अर्ब ८४ करोड १७ लाख बजेटमध्ये विद्युत प्रसारण आयोजनातर्फ आठ अर्ब ७७ करोड ६३ लाख ६६ हजार, सडक मर्मत आयोजनातर्फ एक अर्ब ५० करोड ७६ लाख ५३ हजार, अनुगमन तथा मूल्यांकनतर्फ २१ लाख ९३ हजार र कार्यक्रम प्रशासनतर्फ ५५ करोड ५४ लाख ८८ हजार विनियोजन भएको थियो ।

एमसिए नेपालले आगामी आर्थिक वर्षका लागि १३ अर्ब ३६ करोड बराबर बजेट पाएको छ । जसमध्ये चालुतर्फ एक अर्ब २३ करोड ८५ लाख र पुँजीगततर्फ १२ अर्ब १२ करोड १५ लाख बराबर विनियोजन भएको छ । आगामी आवका लागि एमसिसीको स्रोतबाट नौ अर्ब ९० करोड ८२ लाख र नेपाल सरकारको स्रोतबाट तीन अर्ब ४५ करोड १८ लाख बराबर बजेट विनियोजन भएको एमसिए नेपालले जनाएको छ ।

## बेलग्रेडमा...

खगोल म्यानपावर कम्पनीले काठमाडौंको डाइनामिक म्यानपावर कम्पनीमा पठाएको र डाइनामिक म्यानपावर कम्पनीले सर्वियाको बेलग्रेड पठाएको जानकारी पाएको संसदमा उल्लेख गरे । तर फर्किएकामध्ये झापाका सन्तोषकुमार खवासले आफुहरू ग्लोबल डायनामिक म्यानपावर कम्पनीबाट गएको बताएको अवस्थामा उपसभापति गुरूङले कसरी खगोल म्यानपावरको नाम लिए आफुहरूलाई आश्चर्य लागेको बताए । उनले भने, 'जहाजमा सांसदसँग कुराकानी भएको हो, तर हामीले खगोल भनेका थिएनौ र उक्त म्यानपावर कम्पनीबारे हामीलाई केही थाहा नै थिएन । उहाँले कसरी उक्त नाम लिनुभयो ? उहाँले नै जान्ने कुरा भयो ।'

खवासले काठमाडौं फर्केका युवाहरूले जुन शर्तमा आफुहरू बेलग्रेड गएको हो, त्यो शर्त पूरा नभएपछि म्यानपावर कम्पनीले क्षतिपूर्ति दिएकाले आफुहरू घर फर्किन लागेको बताए ।

यसैगरी सांसद गुरूङले सरकारले प्रतिबन्ध लगाएको अवस्थामा पनि आश्चर्यजनक रूपमा नेपाली महिला हाउस मेडको काममा कुवेत पुगेको विषयमा पनि संसदको ध्यानाकर्षण गरे ।

उनले भने, '६ महिनाको अवधिमा दश हजार नेपाली महिला दिदीबहिनी कुवेतमा घरेलु कामदारको रूपमा अत्यन्तै अवस्थामा पुगेको पाएँ । नेपाली महिलालाई गैरकानूनी रुपमा कुवेतलगायत देशमा पुऱ्याउने काम झन्-झन् बढ्दै गएकामा सरकारको ध्यान पुग्न सकेको देखिएन ।'

घरेलु कामदारका रुपमा नेपाली महिलालाई पठाउन नहुने भनिए पनि व्यवहारिक रुपमा कार्यान्वयन हुन नसकेको भन्दै सांसद गुरूङले कुवेतमा हाल ४१ हजार नेपाली महिला कामदार रहेकोमा २७ हजार गैरकानूनी रुपमा पुगेको जानकारी पाएको बताए । उनले भने, 'युवा ठगिएको विषयसहित नेपाली महिला गैरकानूनी रुपमा कुवेत पुऱ्याउने क्रम तत्कालै रोक्ने विषयमा पनि सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।'

## मानव...

महर्जन वैदेशिक रोजगार ठगी सम्बन्धी मुद्दामा ७ वर्ष कैद भुक्तान गरी गत चैत महिनामा मात्र कारागारबाट छुटेको प्रारम्भिक अनुसन्धानका क्रममा खुल्न आएको प्रहरीले बताएको छ ।

# बर्दियामा लोकप्रिय प्रधानमन्त्री रोजगार कार्यक्रम

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १० असार ।

'प्रधानमन्त्री रोजगार कार्यक्रम'लाई लिएर कतिपयले प्रश्न गर्ने गरेका छन् । यस अन्तर्गत हुने रोजगारीले दिगो रोजगारी दिन नसकेको भनेर आलोचना हुने गरेको छ । ९० दिनको रोजगारी दिनु भन्दा राज्यले दिगो रुपमा रोजगारी दिनुपर्ने मत सरोकारवालाहरुको रहँदै आएको छ । तर, बर्दियामा भने 'प्रधानमन्त्री रोजगार कार्यक्रम' लोकप्रिय छ ।

स्थानीय युवाहरु बर्दियाको गेरुवा गाउँपालिकामा 'प्रधानमन्त्री रोजगार कार्यक्रम' प्रभावकारी बन्दै गएको बताँछन् । पालिकाभित्र बसोबास गर्ने बेरोजगारको पहिचान गरी उनीहरुलाई रोजगारसँग जोड्दै सुचिकृत बेरोजगार युवा युवतीहरुलाई स्थानीय विकासमा सहभागी गराए संगै 'प्रधानमन्त्री रोजगार कार्यक्रम' प्रभावकारी हुँदै गएको हो ।

बेरोजगार भएर हातमुख जोर्न नसकेकाहरुले काम पाएसँगै उनीहरुको जीविकोपार्जनमा सहयोग पुगेको ' प्रधानमन्त्री रोजगार कार्यक्रम' मार्फत काम गरेका मजदुरहरु बताउँछन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रममा काम गर्न थालेपछि सामाजिक प्रतिष्ठा बढेको उनीहरुको बुझाइ छ ।

पहिले पैसा सापटी माग्दा आनाकानी गर्ने साथीभाइ, आफन्तले अहिले सापटी माग्दा सहजै दिने गरेको रोजगाारमा सलग्न भएका गेरुवा गाउँपालिका वडा नं. ६ नारायणपुरका तुल्सीराम चौधरीले बताए । धेरैजसो कामका क्षेत्रहरुमा महिलाको भन्दा पुरुषको ज्याला वढी हुने गर्दछ । तर प्रधानमन्त्री रोजगार कार्यक्रममा समान ज्यालाको व्यवस्था छ । जसले गर्दा महिलाहरुलाई काममा हौसला मिलेको छ ।



यति मात्रै होइन, महिलाहरू बैंकिङ कारोवार गर्न जान्ने भएको, योजना छनोट, उपभोक्ता समिति गठन, योजना सम्झौता, योजना अनुगमन, डोर हाजिरी राख्न लगायत बारे जानकार भएको वडा नं. ३ सनकट्टीकी महिला श्रमिक अन्जली थरुनीले बताइन । आर्थिक वर्ष २०७५/०७६ देखि पालिकाका ६ वटै वडामा सुरुभएको प्रधानमत्री रोजगार कार्यक्रम मार्फत गेरुवा गाउँपालिकामा चालु आर्थिक वर्षमा २९ वटा कार्यक्रम अन्तर्गत ७९ जनाले रोजगारी पाएका छन् ।

आउँदो वर्षका लागि ९ सय ७३ जनाले प्रधानमन्त्री रोजगार कार्यक्रममा आवेदन दिइसकेका छन् । गतवर्ष १ हजार चारसय ६८ जनाले आवेदन दिएका थिए । यस आर्थिक वर्षमा कार्यक्रम मार्फत ५२ लाख ५० हजार वढी रुपैया खर्च भएको रोजगार सहायक कैलास लामिछानेले बताए ।

आर्थिक हिसाबले विपन्न घर परिवारका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमले घर व्यवहारका लागि अरूको भर पर्नु नपरेको, घरायसी आर्थिक समस्या सुल्झिएनुका साथै नागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याई सरकारको अभिभावकत्वको अनुभूति गराएको रोजगार शाखाकी शाखा प्रमुख राज्यलक्ष्मी झाले बताइन ।

बेरोजगारलाई न्यूनतम रोजगारीको प्रत्याभूति दिन तथा सामुदायिक पूर्वाधारको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन कार्यक्रमले महत्वपुर्ण भूमिका खेलेको बताउदै गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत नर बहादुर चन्दले गाउँपालिका भित्र बसोबास गर्ने बेरोजगारको पहिचान गरी उनीहरुलाई रोजगारसंग जोड्ने यो कार्यक्रम पहिलेभन्दा प्रभावकारी हुँदै गएको बताए ।

गरिबी न्यूनीकरण गर्न र वेरोजगार अन्त्य गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमले एउटा इट्टा थपेको छ । सामुदायिक पूर्वाधारका क्षेत्रमा काम हुँदा विकास निर्माणमा पनि टेवा पर्याएको छ । कार्यक्रमले सिपविहीन आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूलाई राज्यले न्यूनतम रोजगारी र प्राप्त पारिश्रमिकले गरिबी निवारण गर्न सहयोग पुगेको छ ।

समान कामका लागि समान पारिश्रमिक व्यवस्था भएकोले सामूहिक रूपमा काम गर्दा लैंगिक भिन्नता नभई समानता ल्याउनमा समेत यस कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले वताइन ।

गेरुवा गाउँपालिकाले प्रधानमन्त्री रोजगारका लागि योजना छनोट गर्दा पालिकाको आवश्यकता र उक्त कार्यक्रमको जनशक्तिले गर्न सक्ने काम अनुसार योजना पहिचान गर्ने गरेको छ । रोजगारमा संलग्न हुने जनशक्ति सवै सीप युक्त र दक्ष नहुने भएकाले योजना पनि उहीहरूले सम्पन्न गर्न सक्ने खालकै छनोट गर्ने गरिएको पालिकाले जनाएको छ ।

# परिवर्तन गाउँपालिकाले ल्यायो ४४ करोड ५७ लाखको बजेट

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १० असार

रोल्पाको परिवर्तन गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि ४४ करोड ५७ लाख ११ हजार बजेट सार्वजनिक गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ र अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ मा भएको व्यवस्थाअनुसार प्रत्येक वर्ष असार १० गतेभित्र आर्थिक वर्षको राजश्व र व्यय बजेटको अनुमान स्थानीय तहले सम्बन्धित गाउँ वा नगर सभामा पेस गर्नुपर्ने व्यवस्थाअनुसार सोमबार परिवर्तन गाउँपालिकाको १७ औं गाउँसभाबाट बजेट सार्वजनिक गरिएको हो ।

परिवर्तन गाउँपालिका -२ का वडा अध्यक्ष तथा परिवर्तन गाउँपालिकाका प्रवक्ता हरिप्रसाद बुढा मगरले १७ औं गाउँसभामा आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान ८ करोड ६० लाख , शर्शत अनुदान चालु तर्फ १९ करोड २० लाख ३८ हजार,सशर्त अनुदान पुजीगत तर्फ ३ करोड ७२ लाख, समपुरक अनुदान ६० लाख र राजश्व बाँडफाँड बापतको ९ करोड ४५ लाख गरी कुल ४१ करोड ५७ लाख ३८ हजार बजेट परिवर्तन गाउँपालिकालाई प्राप्त भएको बताएका छन् । प्रदेश सरकारबाट समानीकरण अनुदान ५५ लाख ३४ हजार, राजश्व बाँडफाँड बापत ३३ लाख ८९ हजार, समपुरक अनुदान ७० लाख सशर्त अनुदान १ करोड ५ लाख गरि कुल २ करोड ६४ लाख २३ हजार रुपैयाँ अनुमानित बजेट परिवर्तन गाउँपालिकालाई प्राप्त भएको बताए । आगामी आर्थिक वर्ष २०८१/०८२ मा परिवर्तन गाउँपालिकाले गाउँपालिकाको आन्तरिक आम्दानी ३५ लाख ५० हजार हुने प्रक्षेपण गरेको छ । कुल बजेट ४४ करोड ५७ लाख ११ हजार रुपैयाँमध्ये चालुतर्फ २९ करोड ७२ लाख ८० हजार ३ सय ६० रुपैयाँ अर्थात् ६६ प्रतिशत रहेको छ ।

पुँजीगततर्फ १४ करोड ८४ लाख ३० हजार ६ सय ४० रुपैयाँ अर्थात ३४ प्रतिशत बजेट विनियोजन गरिएको छ । त्यस्तै वडा कार्यालयका लागि अनिवार्य अनुदान न्युनतम बजेट रु १६ लाख र वडाको भूगोल, जनसंख्या, आन्तरिक राजश्वको अवस्थालाई मुख्य सूचक सहितको शुत्रमा आधारित हुने गरी सबै वडाका स्थानीयको सहभागितामा छनोट भई आएका योजनालाई प्राथमिकता दिने गरी १ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

# गढीमाई नगरपालिकाले ल्यायो ५९ करोड ५० लाखको बजेट

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, १० असार

रौतहटको गढीमाई नगरपालिकाले आगामी आर्थिक वर्षको लागि ५९ करोड भन्दा बढी बजेट पेस गरेको छ । गढीमाई नगरपालिकाको ११ औं नगरसभामा सोमबार बजेट पेस भएको हो । नगरपालिकाकोसोमबार भएको ११ औं नगरसभाबाट नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि कुल ५९ करोड ५० लाख १ हजार रुपैया बजेट ल्याएको हो ।

नगरसभामा नगर प्रमुख श्याम प्रसाद यादवले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न अनुमानित आय व्यय सहितको सो बजेट प्रस्तुत गरिएको नगर प्रमुख श्याम प्रसाद यादवले बताए । मधेश प्रदेशका पूर्व भौतिक पूर्वाधार विकास मन्त्री एवं नेपाली कांग्रेसका मधेस प्रदेश सभापति कृष्ण प्रसाद यादवको प्रमुख आतिथ्य तथा गढीमाई नगर प्रमुख श्याम यादवको अध्यक्षतामा नगरसभा सम्पन्न भएको हो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव, प्रशासन शाखा प्रमुख नागेन्द्र यादव, सम्पूर्ण सबै वडाका अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी, पत्रकार लगायतको सहभागिता रहेको थियो ।

मौलापुर नगरपालिकाले ल्यायो ३९ करोड भन्दा बढी बजेट

रौतहटको मौलापुर नगरपालिकाले आगामी आर्थिक वर्षको लागि 'फ्री बिजुली र फ्री पानी' को घोषणासहित ३९ करोड भन्दा बढी बजेट ल्याएको छ ।

मौलापुर नगरपालिकाको ८ औं बजेट अधिवेशन सोमबार भव्याताका साथ सम्पन्न भएको छ । अधिवेशनबाट मौलापुर नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट घोषण गरेको छ । नगरपालिकाको सभाकक्षमा सोमबार भएको ८ औं बजेट अधिवेशनबाट नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि कुल ३९ करोड भन्दा बढी बजेट सार्वजनिक गरेको छ । अधिवेशनमा मेयर रिनादेवि साहले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेकी थिइन् ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न तथा नगरको समग्र विकासका लागि अनुमानित आय व्यय सहितको सो बजेट प्रस्तुत गरिएको प्रमुख प्रशासकिय अधिकृत रामबाबू साहले बताए ।

नगरपालिकाले ल्याएको नीति तथा कार्यक्रममा विभिन्न जनमुखि कार्यक्रमलाई निरन्तर्ता दिएको हो । पहिलादेखि सञ्चालन रहेको 'शुन्य कर नीति'नगरपालिकाले आफ्ना कार्यक्रमलाई फेरि निरन्तर्ता दिएको छ ।

त्यस्तै फ्री बिजुली-पानी निःशुल्क, गरिब दलितलाई एकीकृत आवास, छोरीसँग मेयर कार्यक्रम, निःशुल्क प्राविधिक शिक्षा जस्ता कार्यक्रमहरु ल्याएर पालिकाले मौलापुर नगरको गौरब बढाएको प्रमुख अतिथि आजपा अध्यक्ष प्रभु साहले बताए ।

देशका विभिन्न स्थानीय तहमा बजेटको विषयमा जनप्रतिनिधिहरुबीच विवाद भइरहेको बेला मौलापुरले भने सर्वसम्मत ढंगले नगरसभा सम्पन्न गरेकोमा नगरप्रमुखलाई पुर्व मन्त्री साहले विशेष धन्यवाद दिए ।

पालिकाले धुँवा चूल्हो मुक्त अभियान गरी कच्ची सडकमुक्त अभियान र झुपडि मुक्त अभियान अगाडि बढाउने घोषणा गतेको छ । यसरी जनता केन्द्रित बजेट ल्याएकोमा मौलापुरको सर्वत्र सराहना भइरहेको छ ।

पूर्व मन्त्री एवं आम जनता पार्टीका अध्यक्ष प्रभु साहको प्रमुख आतिथ्य तथा मौलापुर नगर प्रमुख रिना देवि साहको अध्यक्षतामा अधिवेशन सम्पन्न भएको हो । कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत रामबाबू साह, सम्पूर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी, पत्रकार लगाएतको सहभागिता रहेको थियो ।

माधवनारायण नगरपालिकाको ल्यायो ४९ करोड ७४ लाख बजेट

रौतहटको माधवनारायण नगरपालिकाले ४९ करोड ७४ लाख ७२ हजार रुपैया बराबरको बजेट ल्याएको छ ।

सोमबार नगरपालिकाको सभाकक्षमा आयोजित ९ औं नगर अधिवेशनमा नगर प्रमुख बैजनाथ प्रसाद यादवले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि सो बजेट पेस गरेका हुन ।

नगर अधिवेशनमा नगर प्रमुख यादवले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए ।

असार १० गतेसम्म सबै स्थानीय तहले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट ल्याइसक्नुपर्ने र असार मसान्त भित्रमा कार्यक्रम पास गरिसक्नुपर्ने प्रावधान अनुसार माधवनारायण नगरपालिकाले सोमबार ९ औं अधिवेशन सम्पन्न गरेको छ ।

नगरपालिकाले सोमबार भव्य कार्यक्रमका बीच आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट ल्याएको छ । २०८१/०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सो बजेट प्रस्तुत गरिएको नगर प्रमुख बैजनाथ यादवले बताएका छन् ।

संघीय वित्तीय समानीकरण अनुदान ११ करोड १० लाख, प्रदेश वित्तीय समानिकरण अनुदान ७९ लाख ७६ हजार, संघीय राजश्व बाँडफाँड ९ करोड ९७ लाख, प्रदेश राजश्व बाँडफाँड ४० लाख, संघीय सशर्त अनुदान २० करोड ९७ लाख, प्रदेश सरकारको सशर्त अनुदान ९५ लाख, संघीय सरकारको समपुर्क अनुदान १ करोड ८५ लाख, संघीय सरकारको विशेष अनुदान १ करोड ७० लाख, प्रदेश सरकारको विशेष अनुदान ३० लाख, प्रदेश सरकारको समपुरक अनुदान २० लाख र तराई मधेश समृद्धि कार्यक्रमको लागि १ करोड ५० लाख गरी उक्त बजेट प्रस्तुत गरिएको नगर प्रमुख यादवले बताए ।

शिक्षा, स्वास्थ्य, कृषि, यातायात, खानेपानी, विधुत, भौतिक पुर्वाधार निर्माण कार्य लगायतलाई विशेष प्राथमिकतामा राखेर सो बजेट प्रस्तुत गरिएको उनले बताए ।

समुन्नत भौतिक, आर्थिक र सामाजिक पुर्वाधार सहित सांस्कृतिक रूपमा मौलिक र उत्कृष्ट नगरपालिका बनाउने कुरामा जोड दिइएको छ।

मानवीय तथा भौतिक विकासको पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने तर्फ केन्द्रित रहने उल्लेख छ ।

विद्यार्थीहरुको पठन पाठनमा व्यापक सुधार ल्याउन प्रतेक सामुदायिक विद्यालयमा सिसिटिभी जडान गारिने, पालिकाको प्रशासनिक भवन निर्माण कार्य लाई यसै आर्थिक वर्ष भित्र सम्पन्न गरिने, नगरभित्र विभिन्न स्थानमा प्रतीकक्षालय सार्वजनिक शौचालय तथा सामुदायिक भवन निर्माण गरिने आगामी आर्थिक वर्षको निति तथा कार्यक्रममा समेटिएको छ ।

आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गरिदै आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम शुरु गर्ने र समयमा नै नगरपालिकाको कार्यक्रम सम्पन्न गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । नगर बासीको चाहना भावना माग एवं आवश्यकता लाई केन्द्रमा राखी काम गर्ने मेयर यादवले बताए ।

नगर प्रमुख बैजनाथ प्रसाद यादवको अध्यक्षतामा भएको ९ औं नगर अधिवेशनमा पालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव, उपमेयर निर्मला देवी रमण, सम्पूर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी, पत्रकार लगायतको सहभागिता रहेको थियो ।

## विचौलिया केन्द्रित बजेट
# रातो किताब आउन ढिलाइ भएको कांग्रेसको आरोप

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, १० असार

नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश सरकारले रातोकिताब अहिलेसम्म नछापेको र बजेटमा हेरफेर भएको शंका गरेको छ । बजेट विचौलिया केन्द्रित भएकाले रोतो किताव छाप्न ढिलाई भएको नेपाली कांग्रेसले प्रदेश सरकालाई आरोप गलाएको छ । पछिल्लो समय सुदुरपश्चिम सरकारका गतिविधि ठिक नदेखिएको टिप्पणी गरेको छ । सोमबार प्रदेश संसदीय दलको कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै निवर्तमान मुख्यमन्त्री समेत रहेका दलका नेता कमल बहादुर शाहले पछिल्ला सरकारका गतिविधि ठिक नदेखिएको बताए । एमाले, माओवादीसहितको गठबन्धन सरकार बनेपछि सुदुरपश्चिम प्रदेशमा सरकारका गतिविधि ठिक देखिएका छैनन् ।



### कैलालीका स्थानीय तहको बजेट सार्वजनिक

कैलालीका स्थानीय तहले गरे आर्थिक वर्ष २०८१/०८२ बजेट सार्वजनिक गरेका छन् ।

धनगढी उपमहानगरपालिकाले आगामी आर्थिक वर्षका लागि दुई अर्ब १८ करोड ८२ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । नगरसभाको बैठकमा उपप्रमुख कन्दकलाकुमारी रानाले आगामी आर्थिक वर्षका लागि दुई अर्ब १८ करोड ८२ लाखको बजेट प्रस्तुत गरेकी हुन् ।

बैठकले नगरप्रमुख गोपाल हमालले प्रस्तुत गरेको वार्षिक नीति तथा कार्यक्रम र उपप्रमुख रानाले प्रस्तुत गरेको बजेट पारित गरेको छ । उपमहानगरले आगामी वर्षका लागि ल्याएको बजेट चालू वर्षको भन्दा २५ करोड ७४ लाख रुपैयाँले बढी हो । आगामी आर्थिक वर्षका लागि चालूतर्फ एक अर्ब २० करोड १५ लाख र पुँजीगततर्फ ९८ करोड २६ लाख विनियोजन गरिएको उपप्रमुख रानाले जानकारी दिएकी छिन् ।

धनगढीको आन्तरिक आय ३६ करोड ७६ लाख रुपैयाँ हुने आकलन गरिएको छ । त्यस्तै, राजस्व बाँडफाँटबाट प्राप्त हुने ४८ करोड २९ लाख ४५ हजार, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने एक अर्ब एक करोड ८७ लाख रुपैयाँ बजेटको स्रोतको रूपमा रहने उपमहानगरले जनाएको छ ।

त्यसैगरी अन्तर सरकारीतर्फ प्रदेशबाट आठ करोड २८ लाख रुपैयाँ प्राप्त हुने तथा चालू वर्षको २३ करोड २३ लाख रुपैयाँ बचत हुने अनुमान रहेको उपप्रमुख रानाले बताइन् ।

उपमहानगरले सामाजिक विकासतर्फ सबैभन्दा बढी एक अर्ब १५ करोड ७७ लाख र पूर्वाधार विकासतर्फ ६० करोड ७९ लाख रुपैयाँ बजेट विनियोजन गरिएको उपप्रमुख रानाले जानकारी दिइन् । सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी रहेको धनगढी यो प्रदेशको एक मात्र उपमहानगरपालिका हो। प्रदेशको प्रमुख व्यापारिक केन्द्र रहेको धनगढीमा बसाइँसराइको चाप बढ्दो छ ।

### घोडाघोडीको बजेट ९७ करोड ४४ लाख

त्यसैगरी घोडाघोडी नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ को लागी नीति कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ । नगरपालिकाको १९ औं नगर सभा तथा बजेट अधिवेशनबाट नीति कार्यक्रम र बजेट सार्वजनिक गरिएको हो ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपप्रमुख गुलिया कुमारी चौधरीले आर्थिक वर्ष २०८१/८२ को ९७ करोड ४४ लाख ८७ हजार रुपियाँको बजेट प्रस्तुत गरेकी छन् । संघ, प्रदेश र नगरपालिकाको प्रस्तुत कुल बजेटमध्ये नगरपालिकाको आन्तरिक स्रोत आय १२ करोड रुपैयाँ मात्र रहेको छ । आयतर्फ संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान १८ करोड ३० लाख, समपूरक अनुदान एक करोड ५० लाख, विशेष अनुदान ३ करोड ३५ लाख, ससर्त अनुदान ३९ करोड ३६ लाख र राजस्व बाँडफाँट १७ करोड ९५ लाख रुपैयाँ रहेको छ । त्यस्तै प्रदेश सरकारबाट समानीकरण अनुदान एक करोड ७५ लाख ५८ हजार, समपूरक अनुदान १ करोड ५० लाख, विशेष अनुदान ५५ लाख, सशर्त अनुदान ५१ लाख ५५ हजार र राजस्व बाँडफाँट ६६ लाख ७४ हजार रुपियाँ प्राप्त हुने जनाइएको छ ।

चालु आर्थिक वर्षको भन्दा करिब तीन करोड बजेट घटेर आगामी वर्षको बजेट सार्वजनिक भएको छ । उपप्रमुख चौधरीले दिगो विकास, उत्पादनमा आत्मनिर्भर, रोजगारी सृजना, व्यावसायिक कृषि, सर्वसुलभ शिक्षा, सबैको स्वास्थ्यमा पहुँच, प्रविधि मैत्री सेवा बजेटको मुख्य उद्देश्य रहेको बताइन् । नगरप्रमुख खडक बहादुर रावतले आगामी वर्षका लागि तयार गरिएको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । उनले नगरभित्रको कृषि, पशु, स्वास्थ्य, शिक्षा, सामाजिक विकास, भौतिक विकास लगायत समग्र क्षेत्रलाई समेट्ने गरी तयार गरिएको नीति कार्यक्रम प्रस्तुत गरेका हुन्।

### बर्दगोरिया गाउँपालिकाको बजेट ८० करोड

त्यसैगरी कैलालीको बर्दगोरिया गाउँपालिकाले ८० करोडको बजेट सार्वजनिक गरेको छ। आगामी आर्थिक वर्ष २०८१/८२ का लागि गाउँपालिकाले ८० करोडको बजेट सार्वजनिक गरेको हो।

गाउँ सभा अधिवेशन मार्फत उपाध्यक्ष गणेशराज गिरीले ८० करोड एक लाखको अनुमानित बजेट सार्वजनिक गरे। कुल बजेटमध्ये ३३ करोड ७६ लाख ११ हजार चालुतर्फ, २२ करोड ९६ लाख ५० हजार पुँजीगत तर्फ विनियोजन गरिएको छ । यस्तै २३ करोड ८१ लाख १९ हजार सामाजिक सुरक्षातर्फ विनियोजन गरिएको बजेट वक्तव्यमा भनिएको छ । पालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागी तीन करोड ३६ लाख ६० हजार आन्तरिक आय अनुमान गरेको छ ।

यस्तै राजस्व बाँडफाँडबाट १२ करोड २२ लाख, अन्तर सरकार वित्तीय हस्तान्तरण (संघीय सरकार) बाट ३७ करोड २३ लाख ८१ हजार र अन्तर सरकार वित्तीय हस्तान्तरण (प्रदेश सरकार) बाट २ करोड ८० लाख २० हजार प्राप्त हुने उपाध्यक्ष गिरीद्वारा प्रस्तुत बजेट वक्तव्यमा उल्लेख छ । पालिकाको मौज्दात (आ.ल्या) रकम २ करोड छ भने सामाजिक सुरक्षातर्फ २३ करोड ८१ लाख १९ हजार पालिकालाई प्राप्त हुने अनुमान गरिएको छ ।

नयाँ आर्थिक वर्षमा पालिकाले सबै भन्दा बढी बजेट सामाजिक विकास तर्फ विनियोजन गरेको छ भने सबै भन्दा कम बजेट सुशासनतर्फ विनियोजन गरेको छ । कुल बजेटको ४९ दशमलव ९८ प्रतिशत अर्थात् २७ करोड सामाजिक विकासतर्फ, कुल बजेटको २७ दशमलव ३७ प्रतिशत अर्थात् १५ करोड ५० लाख कार्यालय सञ्चालन तथा प्रशासनिक विनियोजन गरेको छ भने कुल बजेटको २१ दशमलव ३७ प्रतिशत अर्थात् १२ करोड १२ लाख ६१ हजार पूर्वाधार विकास तर्फ विनियोजन गरिएको छ । यस्तै आर्थिक विकास तर्फ २ दशमलव ६४ प्रतिशत अर्थात् १ करोड ५० लाख र सुशासन तथा अन्तर सम्बन्धित तर्फ १ दशमलव ०६ प्रतिशत अर्थात् ६० लाख रुपैयाँ विनियोजन भएको छ।

### बर्दगोरिया गाउँपालिकाको बजेट ८० करोड

त्यसैगरी कैलालीको बर्दगोरिया गाउँपालिकाले ८० करोडको बजेट सार्वजनिक गरेको छ। आगामी आर्थिक वर्ष २०८१/८२ का लागि गाउँपालिकाले ८० करोडको बजेट सार्वजनिक गरेको हो।

गाउँ सभा अधिवेशनमार्फत उपाध्यक्ष गणेशराज गिरीले ८० करोड एक लाखको अनुमानित बजेट सार्वजनिक गरे । कुल बजेट मध्ये ३३ करोड ७६ लाख ११ हजार चालुतर्फ, २२ करोड ९६ लाख ५० हजार पुँजीगत तर्फ विनियोजन गरिएको छ । यस्तै २३ करोड ८१ लाख १९ हजार सामाजिक सुरक्षातर्फ विनियोजन गरिएको बजेट वक्तव्यमा भनिएको छ । पालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि तीन करोड ३६ लाख ६० हजार आन्तरिक आय अनुमान गरेको छ ।

यस्तै राजस्व बाँडफाँडबाट १२ करोड २२ लाख, अन्तर सरकार वित्तीय हस्तान्तरण (संघीय सरकार) बाट ३७ करोड २३ लाख ८१ हजार र अन्तर सरकार वित्तीय हस्तान्तरण (प्रदेश सरकार)बाट २ करोड ८० लाख २० हजार प्राप्त हुने उपाध्यक्ष गिरीद्वारा प्रस्तुत बजेट वक्तव्यमा उल्लेख छ। पालिकाको मौज्दात आल्या रकम २ करोड छ भने सामाजिक सुरक्षातर्फ २३ करोड ८१ लाख १९ हजार पालिकालाई प्राप्त हुने अनुमान गरिएको छ ।

नयाँ आर्थिक वर्षमा पालिकाले सबै भन्दा बढी बजेट सामाजिक विकास तर्फ विनियोजन गरेको छ भने सबै भन्दा कम बजेट सुशासन तर्फ विनियोजन गरेको छ ।

कुल बजेटको ४९ दशमलव ९८ प्रतिशत अर्थात् २७ करोड सामाजिक विकासतर्फ, कुल बजेटको २७ दशमलव ३७ प्रतिशत अर्थात् १५ करोड ५० लाख कार्यालय सञ्चालन तथा प्रशासनिक विनियोजन गरेको छ भने कुल बजेटको २१ दशमलव ३७ प्रतिशत अर्थात् १२ करोड १२ लाख ६१ हजार पूर्वाधार विकास तर्फ विनियोजन गरिएको छ । यस्तै आर्थिक विकास तर्फ २ दशमलव ६४ प्रतिशत अर्थात् १ करोड ५० लाख र सुशासन तथा अन्तर सम्बन्धित तर्फ १ दशमलव ०६ प्रतिशत अर्थात् ६० लाख रुपैयाँ विनियोजन भएको छ ।

त्यसैगरी कैलारी गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ ।

गाउँपालिकाले ७७ करोड २१ लाख १२ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको हो। सोमबार भएको गाउँसभामा उपाध्यक्ष भगवतीकुमारी चौधरीले आगामी आर्थिक वर्षको अनुमानित आयव्यय प्रस्तुत गरेकी हुन् । आयतर्फ संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान १३ करोड ८२ लाख, राजस्व बाँडफाँट १३ करोड छ लाख, सशर्त कार्यक्रम ३८ करोड ६४ लाख आठ हजार गरी कुल ६५ करोड ५२ लाख १८ हजार रुपैयाँ रहेको छ ।

त्यस्तै प्रदेश सरकारबाट समानीकरण अनुदान एक करोड २९ लाख ६० हजार, राजस्व बाँडफाँट ४५ लाख सात हजार, समपूरक अनुदान ९२ लाख, विशेष अनुदान ३० लाख रुपैयाँ गरेर कुल दुई करोड ९६ लाख ६७ हजार रुपियाँ प्राप्त हुने जनाइएको छ ।

यस्तै, गाउँपालिकाको आन्तरिक आम्दानी दुई करोड ६ लाख ५० हजार र चालु आर्थिक वर्षको बैंक मौज्दात ५० लाख रहने उपाध्यक्ष चौधरीले बताए । गाउँपालिकाले कार्यालय सञ्चालनका लागि ९ करोड ३७ लाख २१ हजार, समपूरक कोषका लागि ६ करोड, बाँकी भुक्तानीका लागि ८० लाख, भूमिगत व्यवस्थापनका लागि ३० लाख, डिपिआरका लागि २० लाख, खेलकुद कार्यक्रमका लागि ३२ लाख रुपियाँ विनियोजन गरिएको छ ।

### गोदावरी एक अर्ब २२ करोडको बजेट

त्यसैगरी कैलालीको गोदावरी नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ ।

नगरउपप्रमुख शारदा रोकायाले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेकी हुन्। आर्थिक वर्ष २०८१/८२ का लागि कुल एक अर्ब २२ करोड ३३ लाख ६५ हजार रुपैयाँको अनुमानित बजेट गोदावरी नगरपालिकाले सार्वजनिक गरेको हो ।

संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरणमा १९ करोड १२ लाख, राजश्व बाँडफाँडमा १८ करोड ७ लाख, समपुरक अनुदानमा एक करोड ४० लाख, विशेष अनुदानमा चार करोड ३० लाख र सशर्त अनुदानमा ४४ करोड एक लाख ७९ हजार रहने अनुमान गरिएको छ

नगरपालिकाले राजश्व बाँडफाँड अर्न्तगत नै घरजग्गा रजिष्ट्रेसनमा ६ करोड ५० लाख, आन्तरिक स्रोत १३ करोड ७२ लाख ४३ हजार, विज्ञापन कर ६ लाख ४० हजार, वन रोयल्टी १० लाख र बैंक मौज्दात ११ करोड रहने अनुमान गरेको छ। चालु आर्थिक वर्षका लागि एक अर्ब २२ करोड ९४ लाख ७० हजार बराबरको अनुमानित बजेट प्रस्तुत गरेको थियो। चालु आर्थिक वर्षभन्दा नगरपालिकाले आगामी आर्थिक वर्षका लागि ६१ लाख ५ हजार रुपैया कम बजेट ल्याएको छ।

### जोशीपुर गाउँपालिकाले ५५ करोड

त्यसैगरी जोशीपुर गाउँपालिकाले ५५ करोड तीन लाखको बजेट सार्वजनिक गरेको छ।

गाँपालिकाका अध्यक्ष चित्रबहादुर चौधरीको अध्यक्षतामा बसेको गाउँ सभा अधिवेशनमा उपाध्यक्ष रेखादेवी कठरियाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ५५ करोड ३ लाख ११ हजार ५ रुपैयाँको बजेट सार्वजनिक गरेकी हुन्।

संघीय वित्तीय समानिकरणबाट ११ करोड ६८ लाख, प्रदेश वित्तीय समानिकरणबाट एक करोड ७ लाख ४६ हजार, संघीय राजश्व बाँडफाँडबाट ९ करोड ६२ लाख, प्रदेश राजश्व बाँडफाँडबाट २६ लाख २३ हजार, संघीय सशर्त अनुदान चालुबाट १७ करोड २५ लाख १० हजार ५ सय, संघीय सशर्त अनुदान पुँजीगतबाट ९ करोड ३६ लाख, प्रदेश सशर्त (चालु) बाट १२ लाख ८५ हजार, प्रदेश सशर्त (पुँजीगत) १ करोड ३० लाख, संघीय सरकारको विशेष अनुदान १ करोड २० लाख, प्रदेश सरकारको विशेष अनुदान ४५ लाख, प्रदेश समपूरक अनुदान १ करोड, आन्तरिक आय १ करोड ६९ लाख ४७ हजार गरेर कुल ५५ करोड ३ लाख ११ हजार ५ रुपैया बराबरको बजेट प्रस्तुत गरिको छ ।

### गौरीगंगाको बजेट ९५ करोड ४५ लाख

त्यसैगरी गौरीगंगा नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ।

सोमबार नगर उपप्रमुख भोजबहादुर बमले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गरेका हुन्। कृषि, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर आगामी बजेट सार्वजनिक गरिएको छ ।

उपप्रमुख बमले कुल ९५ करोड ४५ लाख ७९ हजार रुपैयाँको बजेट सार्वजनिक गरेका छन्। पुँजीगत र चालु गरेर आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरिएको नगरपालिकाका प्रवक्ता विष्णुप्रसाद भाटले बताएका छन्।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०९/१३ मा दर्ता भएको **प्रा.लि. नं. २०५४४६** को **एडभरटाइजिङ्ग एण्ड टेक्नोलोजी प्रा.लि.** को मिति २०८१/०२/२७ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com



मध्यान्ह
www.madhyanhadaily.com

११ असार २०८१, मंगलबार
25 June 2024, Tuesday

## सम्पादकीय

# दुष्चक्र तोड्ने सजिलो बाटो

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो भागमा परेको राजदूतमा सिफारिस गर्ने व्यक्तिहरूका लागि खुला आह्वान गरेको छ । पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध विभागका प्रमुख शिशिर खनाल संयोजक अनि सोविता गौतम र अतिन्द्र दाहाल सदस्य रहेको कार्यदलले राजदूत सिफारिसबारे मापदण्ड बनाएको छ । यो कार्यदलले बनाएको मापदण्डका आधारमा राजदूतका निम्ति खुला आह्वान गरिएको रास्वपाले जनाएको छ । यो अभ्यास आफैमा राम्रो विधि हो । तर रास्वापाले दावी गरे बमोजिमको उत्तम प्रक्रिया चाहिँ होइन । किनकि रास्वपा समेत संलग्न सरकारले कार्यकाल बाँकी रहेका ११ राजदूतलाई राजनीतिक निर्णयकै आधारमा फिर्ता बोलाएको थियो । कांग्रेस कोटाबाट नियुक्त राजदूतहरू फिर्ता बोलाएपछि रिक्त कोटाहरूमा राजनीतिक भागबण्डा भएको थियो । त्यो भागबण्डामा रास्वपाले दुई जनता राजदूत पाएको छ ।

रास्वपाले दिएको नामलाई सरकारले राजदूतमा सिफारिस गर्नेछ । सरकारले सिफारिस गरेपछि संसदीय सुनुवाइ हुनेछ र राष्ट्रपतिले सम्बन्धित देशका निम्ति नियुक्त गर्नेछन् । अर्थात् रास्वपाले जुन प्रक्रियाबाट नाम सिफारिस गरे पनि संवैधानिक प्रक्रिया बमोजिम राजदूत नियुक्त हुनेछन् । पक्कैपनि खुला आह्वानबाट नाम लिने भनेपछि राजदूत सिफारिस पारदर्शी रहेको सन्देश जाने नै छ । यसले नेताको खल्तीबाट निकालिएको राजदूत होइन भन्ने दावी गर्नलाई सहयोग पुग्नेछ । तर रास्वपाले यसअघि नै पक्षपातपूर्ण निर्णयमा सहभागिता जनाइसकेको छ । त्यसैले जतिसुकै पारदर्शी प्रक्रिया अपनाइएको प्रचार गरेपनि तथ्य फरक हुनेछ । राजदूत सिफारिसमा रास्वपाका नेताहरूको विवेक हाबी हुनेछ ।

यसको अर्थ राजदूत चयनमा अपनाइदै आएको शैली उपयुक्त थियो भन्ने होइन । देशको झण्डा बोकेर कुटनैतिक निकायमा जानुपर्ने राजदूतहरू दलको झण्डा बोकेर जानु निन्दनीय कार्य हो । कुनै नेताको नातेदार भएको अथवा कुनै प्रलोभनका माध्यमबाट राजदूत सिफारिस हुनुले अन्तर ाष्ट्रिय जगतमा नेपाललाई हेर्ने दृष्टिकोण राम्रो गइरहेको छैन । अझ लगातार सरकार परिवर्तन भइरहने र सरकार फेरिनासाथ राजदूत फेर्ने निर्णय तत्काल अन्त्य गरिनुपर्छ । मुलुकको गरिमा धान्न सक्ने, सम्बन्धित देशबारे ज्ञान भएको र कुटनैतिक मर्यादा कायम गर्न सक्ने व्यक्तिहरूलाई सरकारले सिफारिस गर्नुपर्छ । त्यस्ता सिफारिसमा परेका व्यक्तिहरूको संसदीय सुनुवाई सही तरिकाले गर्नुपर्छ । र एकपटक नियुक्त भएपछि पुरा कार्यकाल काम गर्ने बातावरण बनाइनुपर्छ । नत्र राजदूत हटाउने र नियुक्त गर्ने प्रक्रिया सधैं विवादमा परिरहनेछ । अन्तर्राष्ट्रिय जगतमा देशको इज्जत बढ्नेछैन ।

# वृद्ध भत्ता : सुविधा कि सास्ती ?

*तत्कालीन समय सय रुपैयाँबाट सुरु भएको वृद्ध भत्ता अहिले पनि उत्तिकै महत्वपूर्ण छ । आम निमुखाको लागि यसले ठूलो राहत दिएको छ । सहरिया र धनी वर्गलाई त फरक नपर्ला तर, आम हुँदा खाने वर्गलाई भने यसले निकै टेवा पुऱ्याएको पाइन्छ ।*

अग्रलेख



● नरेन्द्रमान श्रेष्ठ


'कहीँ नभएको जात्रा, हाडी गाउँमा' भने जस्तै अबदेखि वृद्ध भत्ता लिन र नवीकरण गर्नको लागि राष्ट्रिय परिचयपत्र चाहिने रे ! यसकारणले वृद्धहरू राष्ट्रिय परिचयपत्र लिन सकी नसकी सीडीयो कार्यालय धाउँदै छन् । यो कुरा सरकारले पहिले नै किन भनेन ? के सरकारको वृद्ध वृद्धहरूलाई सास्ती दिने नियत हो ? होइन यो देशमा कति वटा परिचय पत्र चाहिने हो ? नागरिकता, मतदाता परिचयपत्र, अब फेरि राष्ट्रिय परिचयपत्र रे ! तर, वृद्ध भत्ता लिन किन आवश्यक पऱ्यो त ? राष्ट्रिय परिचयपत्र पहिले त नागरिकताले नै काम गरिरहेको थियो, होइन ? अब राष्ट्रिय परिचयपत्र लिनको लागि नागरिकताको परिचय पत्र नभइ नहुने, अब त्यही नागरिकताको परिचयपत्र वृद्ध भत्ता लिनलाई नभइ नहुने, यो कस्तो नियम हो ? के सरकारले वृद्ध वृद्धहरूलाई दुःख दिने नियत नै बनाएको हो वा वृद्ध वृद्धाहरूले वृद्ध भत्ता नलिऊन् भन्ने उद्देश्य लिएको हो ? यो वृद्ध भत्ता भनेको सुविधा कि सास्ती हो ?

धेरैजसो वृद्ध भत्ता लिइरहेकाले राष्ट्रिय परिचयपत्र लिएका छैनन् । कतिपय अशक्त बिरामीहरू र हिँडडुल गर्न नसक्नेहरूले राष्ट्रिय परिचय पत्र लिन सक्ने अवस्थामा छैनन् । के अब ति अशक्तलाई सरकारले वृद्ध भत्ता नदिने योजना बनाइरहेको त होइन ? एकातिर ६८ वर्षहरूले समेत भत्ता पाउने व्यवस्था गरेको छ भने अर्कोतिर अशक्त बिरामीहरू र हिँडडुल गर्न नसक्नेहरूले भत्ता पाउनबाट बञ्चित गर्न खोजेको छ । यो कस्तो नियम हो ? राष्ट्रिय परिचयपत्र चाहिने भएको भए नागरिकता के काम ? नागरिकता सबैले लिएकै छन् । संविधानले नै नचिन्ने राष्ट्रिय परिचय पत्रलाई किन यति महत्व दिएको होला ?

अहिले यसैपनि छोरा छोरीहरू विदेशिएको कारणले वृद्ध भत्ता लिन समस्या भइरहेको छ । देशका युवाहरू धमाधम विदेशिएका छन् । नेपालमा रोजगार नहुँदा विदेशिनु बाध्यता बनेको छ । कोही अध्ययनको निहुँमा विदेशिएका छन् त कोही रोजगारी नै भनेर विदेशिएका छन् । अहिले गाउँहरू करिब युवाविहीन छन् । सरकारी तथ्यांकलाई केलायौं भने पनि यो विषयले स्पष्ट पार्दछ । दैनिक कति युवा विदेशिन्छन्, कति युवाले नेपालमै रोजगारी पाउँछन् अनि कति युवा फर्किन्छन् ?

सरकारकै तथ्यांकलाई आधार मान्दा प्रत्येक दिन झण्डै दुई हजारको हाराहारीमा युवाहरू विदेशिएका छन् । पछिल्लो आर्थिक वर्षको ११ महिनामा मात्रै छ लाख ८२ हजार युवा रोजगारी खोज्दै विदेशिएका छन् । तथ्यांकअनुसार जेठमा मात्रै ७२ हजार ८६१ युवा विदेशिएका छन् । जुन केही वर्षयताकै उच्च दर हो । यो तथ्यांकलाई हेर्दा, हाम्रो अवस्था कस्तो छ स्पष्ट हुन्छ । जसलाई सम्बोधन गर्ने ल्याकत वर्तमान सरकारसँग देखिन्न । जसले समाजलाई कसरी खण्डित गरिरहेको छ र कमजोर बनाइरहेको छ यसलाई कसैले जाँचेको छैन ।

यस्तोमा गाउँमा भएका वृद्धवृद्धाको अवस्था निकै दयनीय बन्दै गइरहेको छ । जसको निम्ति सरकारसँग वृद्ध भत्ता बाहेक कुनै कार्यक्रम छैन । यो अवस्था अहिले शहरमा पनि बढ्दो छ । युरोप, अमेरिका, क्यानडा र अष्ट्रेलिया जस्ता देशमा युवाहरू भासिदा सहरमै बस्ने बाबुआमा पनि आज एक्लिएका छन् । गाउँमा त वल्लोपल्लो घरबीच संवाद हुन्छ, सहकार्य हुन्छ तर, सहरमा त्यस्तो छैन । जसको अवस्था झन् बयान गरिसाध्य खालको छैन । यस्तोमा वृद्धवृद्धालाई राहत दिन होइन, सरकारको कार्यक्रम थप आहत दिने खालको छ । राष्ट्रिय परिचय पत्र र अनेकन नाममा समस्या दिइएको छ ।



राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागकै तथ्यांकलाई आधार मान्ने हो भने हालसम्म आधा जनसंख्याले पनि राष्ट्रिय परिचयपत्रको नम्बर पाएका छैनन् । विभागका अनुसार जसमध्ये कार्ड नै लिनेको संख्या निकै कम छ । गत जनवरीसम्मको तथ्यांकअनुसार कुल जनसंख्याको ४६.८८ अर्थात् एक करोड ३६ लाख ८७ हजारले मात्रै राष्ट्रिय परिचयपत्रको नम्बर लिएका छन् । जसमध्ये २४ लाख ७४ हजारले मात्रै कार्ड पाएका छन् । यसलाई आधार मान्दा नै अवस्था के हो स्पष्ट हुन्छ । यतिका वर्षसम्म आधा जनसंख्याको नम्बर दर्ता गर्न नसकेको विभागले के एक महिनामै गर्न सक्ला ? के एक महिनामै सबैलाई समेट्ला ? यो पूर्ण असम्भव देखिन्छ । बाध्यकारी बनाइएको यो कार्यक्रमले आम वृद्धवृद्धालाई सास्ती दिनेमा कुनै दुबिधा छैन ।

यद्यपि, यसो भनिरहँदा राष्ट्रिय परिचयपत्र कार्यक्रम नै बेठिक भन्न खोजिएको होइन । प्रविधिसँग जोडिएका विभिन्न कुराहरू आउनु स्वभाविक हो । तर, यसलाई व्यवस्थित बनाएर लैजानु राज्यको दायित्व हो । समाजका कुन वर्गका बीच कसरी लैजाने भन्ने स्पष्ट कार्यक्रम राज्यसँग नहुँदा अहिले समस्या देखिएको छ । वृद्धवृद्धाको हकमा घरसम्मै सेवा चाहिएको अवस्था छ तर, यसरी जिल्ला प्रशासनमा धाउने वा अन्य कार्यालय धाउने अवस्था कति सहज होला ?

अर्कोतर्फ, भत्ता लिन बैंकसम्म धाउनुपर्ने अवस्था धेरै वृद्धवृद्धालाई छ । सहरी र सुविधासम्पन्न ठाउँमा बस्नेको हकमा त त्यो सम्भव होला तर, दुर्गम र अति ग्रामीण ठाउँमा बस्नेलाई त्यसले समेट्न सक्ला त ? किन राज्य संवेदनहीन बनेको ? के यस्ता कुरालाई ध्यान दिनु पर्दैन ?

नेकपा (एमाले)को सरकारको पालामा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत वृद्धवृद्धा कार्यक्रम ल्याएका थिए । तल्लो तहमा रहेका नागरिकलाई जीवनयापन गर्न सहयोग गर्ने उद्देश्य राखी भत्ता दिने कार्यक्रम ल्याइएको थियो । तत्कालीन समय सय रुपैयाँबाट सुरु भएको वृद्ध

> *धेरैजसो वृद्ध भत्ता लिइरहेकाहरूसँग राष्ट्रिय परिचयपत्र छैन । कतिपय अशक्त तथा बिरामीहरूले तत्कालै राष्ट्रिय परिचय पत्र लिन सक्ने अवस्था छैन । यस्तोमा राज्यको राष्ट्रिय परिचयपत्रलाई बाध्यकारी बनाउने नीतिले लक्षित वर्गलाई अप्ठ्यारो पार्ने निश्चित छ ।*

भत्ता अहिले पनि उत्तिकै महत्वपूर्ण छ । आम निमुखाको लागि यसले ठूलो राहत दिएको छ । सहरिया र करोडपति तथा अरबपतिलाई त फरक नपर्ला तर, आम हुँदा खाने वर्गलाई भने यसले निकै टेवा पुऱ्याएको पाइन्छ । तर, सोही वर्ग लक्षित कार्यक्रमले सोही वर्गलाई नै समेट्न नसक्नु अर्को विडम्बनाको विषय हो । जसतर्फ गम्भीररूपमा ध्यान जानु आवश्यक छ ।

गत फागुनसम्मको तथ्यांकअनुसार नेपालमा सामाजिक सुरक्षा भत्ता लिनेहरूको संख्या ३८ लाख २८७ नाघेको छ । गत आर्थिक वर्षको तुलनामा झण्डै एक लाखले संख्या बढेको छ । जसमा ७० वर्ष नाघेकाको संख्या १६ लाख २२ हजार माथि छ । प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता शीर्षकमा राज्यको झण्डै तीन अर्ब हाराहारी खर्च हुने गरेको छ । चालु आर्थिक वर्षको लागि सरकारले सो शीर्षकमा दुई अर्ब ९८ अर्ब ५७ करोड रुपैयाँ विनियोजन गरेको थियो । जुन कुल बजेट १४.७८ प्रतिशत हो । तर, यति ठूलो रकम खर्च हुने शीर्षकलाई राज्यले व्यवस्थित बनाउन सकेको छैन । यो वर्गीय हैसियत र योगदानका आधारमा हुनुपर्नेमा त्यसो हुन सकिरहेको छैन । तर, राज्यले यसलाई व्यवस्थित होइन, थप गिजोल्दै लक्षित वर्गलाई समेट्ने कार्यक्रम बनाइरहेको छैन । जुन विडम्बनाको विषय हो ।

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

हरेक मानिस सफल बन्न नसके पनि असल बन्न सक्छ । सफल बन्न अवसर, संघर्ष र समय/परिस्थितिको आवश्यक हुन्छ भने असल बन्न व्यक्ति स्वयम्को नैतिकता, आचरण र गुणमा भरपर्छ । असल मानिसले असल शासनको खोजी गर्छ । अहिले असल मानिस र सफल नेतृत्वको खाँचो परेको हो ।



**- माधव ढुंगेल**

देशको स्थायी सरकार भनिने कर्मचारीतन्त्रको सर्वोच्च पदमा आशिन मुख्यसचिव नै भ्रष्टाचारको अभियोगमा निलम्बित हुन्छ भने त्यो देशको सुशासनको अवस्था कस्तो होला ? कुन योग्यताले सर्वोच्च पदमा पुग्छन् होला ? अनि यो इमेज बनेको प्रशासनमा कुन 'मोराल'ले काम गर्लान् इमानदार राष्ट्रसेवकले ?



**- चन्द्रमणि अधिकारी**

विद्याले विनय ज्ञान/सीप र कौशल दिन्छ-सबैले मानिसलाई आर्जन, सिर्जना र उद्यम गर्न सक्ने व्यक्ति बनाउँछ । व्यक्तिले पर्याप्त धन आर्जन गर्न सक्छ । धन असल काम/परोपकार/सामजिक विकासमा लगाउन सकिन्छ । मानिस लिनेभन्दा दिन आकर्षित हुन्छ । हातमाथि पर्दछ । त्यसबाट अथाह आनन्द र चरम शुख प्राप्त हुन्छ ।



**- पुष्कर कँडेल**

वास्तविकता र आवश्यकता बुझेर अघि बढौं । समस्या हाम्रो मनस्थितिमा छ, तर हामी परिस्थिति बिग्रियो भन्दैछौं । देशको अवस्था बदल्ने हो भने हाम्रो र हाम्रो शिक्षा व्यवस्थाको चरित्र बदल्दै प्रशासनिक, न्यायिक र आर्थिक संरचनामा पनि संरचनात्मक परिवर्तन गर्नुपर्छ । अन्य विकल्पहरू हामीसित छैनन् ।

# अधिकतम र न्यूनतम कार्यक्रम

विचार



● लेखराज रेग्मी

> *तत्काल हल गर्न नसकिने, नगर्न पर्ने विषयमा सहमति देखा परे पनि नेपालका कम्युनिष्टहरूमा तात्कालिक कार्यक्रम कार्यान्वयनमा एकता प्रदर्शन भैरहेको छैन । यसले ठोस कार्यक्रममा सहमत हुनसक्ने अन्य पक्षसँगको सहकार्य बाधित छ । त्यसैले कथित संयुक्त मोर्चा या त कागजी छन् वा असम्भव छन् ।*

कार्यक्रम भनेको कामको स्वरुप चरित्र र महत्वको आधारमा सूचीकरण हो । विगतमा हामीले नयाँ जनवाद (नौलो जनवाद)लाई न्यूनतम कार्यक्रम भनेका थियौ । संविधानमै समाजवाद उन्मुखता लेखिसकेपछि नयाँ जनवादका कार्यक्रम सम्पन्न भएपनि नभएपनि हामी समाजवादलाई न्यूनतम कार्यक्रममा राख्नुपर्ने स्थितिमा छौं । यस्तो बेला सन् १९५६ देखि चीनमा ल्यू साओ चीसँग माओको डिबेट हाम्रो लागि गतिलो सन्दर्भ सामग्री बन्नसक्छ ।

एउटा क्रान्तिकारी पार्टीको परिवर्तनको एजेण्डा र कार्यभार क्रान्तिकारी कार्यक्रमले निर्धारण गर्छ । विगतमा हामीले नेपालमा नयाँ जनवादी क्रान्तिको मुख्य एजेण्डा सामन्तवाद साम्राज्यवाद र नेपालको सन्दर्भमा भारतीय विस्तारवादलाई परास्त गरी मुक्त र स्वाधीन जनगणतन्त्र नेपाल निर्माण गर्ने भन्ने बनायौं । यसको अर्थ बाह्य दवाव र हस्तक्षेपमुक्त आत्मनिर्भर नियन्त्रित पुँजीवादी राज्य निर्माण गर्ने र त्यसै आधारमा समाजवादी राज्य व्यवस्था खडा गर्ने हाम्रो उद्देश्य थियो । यसको लागि आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिकरूपमा सम्पन्न गर्ने कार्यसूची हाम्रो न्यूनतम कार्यक्रम थियो । तर, २०६२/६३को आन्दोलन पछि आएको उपरी संरचनाको परिवर्तन खासगरी नयाँ संविधान घोषणा भैसकेको स्थितिमा उक्त परिवर्तनप्रति हाम्रो दृष्टिकोण र संविधानसँगको हाम्रो सम्बन्ध यसले पैदा गर्ने हाम्रो अन्तरविरोध र पक्षधरताको आधारमा अब बन्ने राज्य व्यवस्थाले पुरा गर्ने दायित्व र जिम्मेवारीको कार्यसूची हाम्रो न्यूनतम कार्यक्रम बन्न थाल्यो ।

यसो गर्दा संविधानलाई क्रान्तिकारी वा अग्रगामी भन्नेहरूको लागि समाजवादी राजनैतिक आर्थिक सामाजिक सांस्कृतिक दायित्वको सूची न्यूनतम कार्यक्रम हो । संवैधानिक ढंगले उक्त  कार्य सम्पन्न हुन सक्दैन भन्ने, यस्तो समाजवाद देखापरे पनि यो बुर्जुवा समाजवाद मात्रै हुने र वास्तविक समाजवाद नहुने भन्नेहरूको लागि संविधानभित्रबाट प्राप्त नहुने राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक कार्यहरूको सूचीसहितको समाजवादी कार्यक्रम न्यूनतम कार्यक्रम बन्यो ।


एउटा राजनैतिक परिवर्तन वा क्रान्ति सम्पन्न भैसकेपछि त्यसले पूरा गर्ने कामको सूचीको सिरानीमा स्वभाविक ढंगले त्योभन्दा उम्दा व्यवस्था प्राप्त गर्न गरिने कामको सूची आवश्यक पर्छ । हामी एक चरणको परिवर्तनको लागि काम गरिरहँदा पनि अर्को चरणको कामको मोटामोटी सूचीकरण गर्दछौं । हो त्यही भावी कार्यको फेहरिस्तको नाम अधिकतम कार्यक्रम हो । दुनियाँका कम्युनिष्टहरूको त्यस्तो अधिकतम कार्यक्रम साम्यवादी विश्व व्यवस्था नै हो र समाजवादी चरणभरी हामी त्यसैको लागि गर्ने छौं । यही सुनिश्चितताको कार्यक्रम सम्बन्धी दस्तावेज नै अधिकतम कार्यक्रम हो । यसरी अधिकतम र न्यूनतम कार्यक्रम सम्बन्धी दस्तावेजको अभावमा कुनै पनि क्रान्ति वा परिवर्तनको कुरा कुहिराको काग बन्ने बाहेक केही हुँदैन ।

न्यूनतम कार्यक्रमको त्यो हिस्सा जो क्रान्तिपश्चात कार्यान्वयनमा जानुपर्ने हुन्छ, यो हिस्सा र क्रान्तिको क्रममा नै सम्पन्न गरिने हिस्सा गरेर न्यूनतम कार्यक्रमका दुई भाग हुन्छन्, क्रान्तिकालमा हल गरिने र क्रान्तिलाई सुगम पार्ने खालका । सबै कार्यक्रमहरू तात्कालिक न्यूनतम कार्यक्रमहरू हुन् र तत्कालदेखि नै प्रयोगमा आउन पर्ने र सम्भव हुने जतिलाई ठोस गरेर बन्ने सूची तात्कालिक ठोस कार्यक्रम हो । तत्काल हल गर्न नसकिने, नगर्न पर्ने विषयमा सहमति देखा परेपनि नेपालका कम्युनिष्टहरूमा तात्कालिक कार्यक्रम कार्यान्वयनमा एकता प्रदर्शन भैरहेको छैन । यसले ठोस कार्यक्रममा सहमत हुनसक्ने अन्य पक्षसँगको सहकार्य बाधित छ । त्यसैले कथित संयुक्त मोर्चा या त कागजी छन् वा असम्भव छन् । यसकारण कम्युनिष्ट एकताको कुरा गर्नेहरूले सर्वप्रथम कार्यक्रम सम्बन्धी दस्तावेजमा एकरूप समझदारी र कार्यान्वयनमा समान प्रतिबद्धता कायम गर्नु आवश्यक छ । यो सवाल ओझेलमा छ ।

*(रेग्मी, माओवादी केन्द्रका नेता हुन् ।)*

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नौलो कार्य प्रारम्भ हुनेछ । सबै कार्यमा शक्ति लगाउनु आवश्यक छ । |
| वृष | : | अनावश्यक यात्रा गर्नु हुँदैन । विवादमा परिने योग छ । |
| मिथुन | : | स्वास्थ्य कमजोर रहनेछ । पैतृक सम्पत्ति मिल्ने योग छ । |
| कर्कट | : | स्वास्थ्य राम्रो रहनेछ । सम्पत्तिमा वृद्धि हुने योग छ । |
| सिंह | : | सामान्य रोकावटले अशान्ति दिनेछ । जग्गा सम्बन्धी कार्यमा वृद्धि हुनेछ । |
| कन्या | : | बाहिरी सहयोगमा कमी आउनेछ । विवादमा पर्न सकिन्छ । |
| तुला | : | लेनदेनमा सावधानी राख्नुहोला । दैनिक कार्यमा प्रगति हुनेछ । |
| वृश्चिक | : | दिदी बहिनीहरूको सहयोग प्राप्त हुनेछ । व्यर्थको यात्रा र परेशानीको समय छ । |
| धनु | : | शुभकार्यमा बढी खर्च हुने देखिन्छ । भौतिक साधन उपलब्ध भइरहनेछ । |
| मकर | : | व्यापारिक लाभ हुनेछ । धैर्यसित कार्य गर्नु राम्रो हुनेछ । |
| कुम्भ | : | सम्बन्धहरूमा सुधार आउनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ । |
| मीन | : | शिक्षा सम्बन्धी कार्यमा रोकावट आउनेछ । भूमि लाभ हुने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# गेरुवामा प्रभावकारी बनेको प्रधानमन्त्री रोजगार कार्यक्रम

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १० असार

बर्दियाको गेरुवा गाउँपालिकामा 'प्रधानमन्त्री रोजगार कार्यक्रम' प्रभावकारी बन्दै गएको छ। पालिकाभित्र बसोबास गर्ने बेरोजगारको पहिचान गरी उनीहरुलाई रोजगारसँग जोड्दै सूचीकृत बेरोजगार युवा युवतीहरुलाई स्थानीय विकासमा सहभागी गराएसँगै प्रधानमन्त्री रोजगार कार्यक्रम' प्रभावकारी हुँदै गएको हो।

बेरोजगार भएर हातमुख जोर्न नसकेकाहरुले काम पाएसँगै उनीहरुको जीविकोपार्जनमा सहयोग पुगेको 'प्रधानमन्त्री रोजगार कार्यक्रम' मार्फत काम गरेका मजदुरहरुको भनाइ छ। प्रधानमन्त्री रोजगार कार्यक्रममा काम गर्न थालेपछि सामाजिक प्रतिष्ठा



बढेको उनीहरुको बुझाइ छ। पहिले पैसा सापटी माग्दा आनाकानी गर्ने साथीभाइ, आफन्तले अहिले सापटी माग्दा सहजै दिने गरेको रोजगारमा संलग्न भएका गेरुवा गाउँपालिका वडा नं. ६ नारायणपुरका तुल्सीराम चौधरीले बताए।

धेरैजसो कामका क्षेत्रहरुमा महिलाको भन्दा पुरुषको ज्याला बढी हुने गर्दछ। तर प्रधानमन्त्री रोजगार कार्यक्रममा समान ज्यालाको व्यवस्था छ। जसले गर्दा महिलाहरुलाई काममा हौसला मिलेको छ। यति मात्रै होइन, महिलाहरू बैंकिङ कारोवार गर्न जान्ने भएको, योजना छनोट, उपभोक्ता समिति गठन, योजना सम्झौता, योजना अनुगमन, डोर हाजिरी राख्न लगायत बारे जानकार भएको वडा नं. ३ सनकट्टीकी महिला श्रमिक अन्जली थरुनीले बताइन्। आर्थिक वर्ष २०७५/०७६ देखि पालिकाका ६ वटै वडामा शुरू भएको प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत गेरुवा गाउँपालिकामा चालु आर्थिक वर्षमा २९ वटा कार्यक्रम अन्तर्गत ७९ जनाले रोजगारी पाएका छन्। आउँदो वर्षका लागि ९ सय ७३ जनाले प्रधानमन्त्री रोजगार कार्यक्रममा आवेदन दिइसकेका छन्। गतवर्ष १ हजार चारसय ६८ जनाले आवेदन दिएका थिए। यस आर्थिक वर्षमा कार्यक्रम मार्फत ५२ लाख ५० हजार बढी रुपैया खर्च भएको रोजगार सहायक कैलाश लामिछानेले बताए।

आर्थिक हिसाबले विपन्न घर परिवारका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमले घर व्यवहारका लागि अरूको भर पर्नु नपरेको, घरायसी आर्थिक समस्या सुल्झिनुका साथै नागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याइ सरकारको अभिभावकत्वको अनुभूति गराएको रोजगार शाखाकी शाखा प्रमुख राज्यलक्ष्मी झाले बताइन्।


## यूएईमा रोजगारको अवसर | कम्पनी: DUBUILD CONTRACTING LLC शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०५/०१ चलानी नं.: ६०२१५८८२ LT. No.: 300997 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ordinary Laborer | 6 | 0 | | 900 | ३२,६७९ | | | | | | | |
| 3. | Reiforcing Fitter | 5 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 4. | Reinforcing Fitter. | 9 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

License No.: 1542/078/079
**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
**( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)**
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## कुवेतमा रोजगार | कम्पनी: KIDS N FUN COMPANY शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०२/११ चलानी नं.: ६०२०१९८५ L.T. No.: 286588 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 0 | 7 | सम्बन्धित काममा दक्ष | 110 | ४७,७९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 0 | 2 | | 150 | ६५,१८१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

श्रम इजाजत नं. ८६२/०६६/०६७
**माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.**
पि.ओ.बक्सः ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोनः ४४८१०४१, ४४९९०९४, फ्याक्सः ४४८०७४५
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SABEEL FOOD COMPANY. शहर : Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२२११३९ LT. No.:306258

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1100 | ३९,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
**NEW ALFA H.R. SERVICES PVT. LTD.**
Maharajgung-3, Kathmandu | Tel: 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## कतारमा रोजगार | कम्पनी: PREMIUM HOSPITALITY शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१४९८ LT. No.:306735

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 9 | 5 | स. काममा दक्ष | 1000 | ३६५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

श्रम इजाजत पत्र नं.: ७६३/०६५/०६६
**पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.**
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोनः ४९८८७५४, ४९८८७५५, E-mail : info.pukaragency@gmail.com
Pokhara: 061-553158, 9806544044 | Butwal: 071-531534, 9857077872
Birtamod: 023- 534105, 9806091708 | Damak: 023-586066, 9814970040.

## युएईमा रोजगार | कम्पनी: INVENTION STEEL INDUSTRIES LLC शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०६४ L.T. No.: 300198 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 0 | 4 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arc Welder | 4 | 0 | | 1300 | ४७,२०३ | | | | | | | |
| 3. | Fabricator (Aluminum) | 3 | 0 | | 1300 | ४७,२०३ | | | | | | | |
| 4. | Glass Fitter | 3 | 0 | | 1300 | ४७,२०३ | | | | | | | |
| 5. | Helper | 40 | 0 | | 900 | ३२,६७९ | | | | | | | |
| 6. | Sales | 0 | 4 | | 2000 | ७२,६२० | | | | | | | |
| 7. | Spray Painter | 3 | 0 | | 1300 | ४७,२०३ | | | | | | | |
| 8. | Welder Mig | 3 | 0 | | 1300 | ४७,२०३ | | | | | | | |
| 9. | Welder Tig | 3 | 0 | | 1300 | ४७,२०३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

Gov. Lic No. 817/066/067
**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871
Email: Spmoverseas@gmail.com, Web.: Www.spmoverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CATHAY GULF GENERAL TRADING COMPANY WLL शहर: Kuwait
पूर्व स्वीकृत मितिः२०८१/०३/०९ चलानी नं.: ६०२२१५१९ L.T. No.: 306770

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६९,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 2 | 0 | | 95 | ४१,२८१ | | | | | | | |

कम्पनी : TROLLEY GO DELIVERY OF CONSUMER ORDERS शहर: Kuwait
पूर्व स्वीकृत मितिः२०८१/०३/०९ चलानी नं.: ६०२२१५१८ L.T. No.: 306772

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dispachers (Indoor) | 7 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४३,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Logistic Manager / Operation Manager | 1 | 0 | | 450 | १९५,५४३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**SRK ओभरसिज नेपाल प्रा. लि.** साविकको नाम (SRK नेपाल प्रा. लि)
टोखा १०, अल नेपाल हस्पिटल नजिक नमस्ते मासु पसलको छेउ
Govt. Lic. No. 1156/073/074 फोनः ०१४९६३४०३,०१४९५७६८३, ९८१८६५८०९८, ९८०१८९४४३३

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL MUHAINI COMPANY FOR SPECIALIZED CLEANING OF BUILDINGS / BASSAM ALI ATTIA AL-MUHAINI AND PARTNERS शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०५/04 चलानी नं.: ६०२०६५०० LT. No.: 291306 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 23 | 0 | स. काममा दक्ष | 120 | ५२,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

Govt. Lic. No. 1423/074/075
**Confident International Manpower Pvt. Ltd.**
Address: Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: QASAR AL OMRA BISCUITS & CHOCOLATES MANUFACTURING FACTORY. शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०३/१० चलानी नं.: ६०२२१५३१ L.T. No.: 306782

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 10 | 9 | सम्बन्धित काममा दक्ष | 110 | ४७,७९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver/Car Driver | 6 | 0 | | 140 | ६०,८३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

Govt.Lic.No 1562/079/080
**ERAM OVERSEAS PVT. LTD.**
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com
Mobile: 9806393863 | 9810383940 | 9823729649

## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: JAWA HUMAN RESOURCE COMPANY शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८०/०९/११ चलानी नं.: ६०२१३९९० L.T. No.:296773 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: JAWA HUMAN RESOURCE COMPANY शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८०/०९/१२ चलानी नं.: ६०२१२२०४ L.T. No.:296771 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: MAJAN CONSTRUCTION COMPANY LIMITED IS A ONE PERSON COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०२/१६ चलानी नं.: ६०२२०२८२ LT. No.:305491 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ र २ निःशुल्क, क.नं. ३ रु १०,०००/ |

श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
**Elite Human Resource Pvt. Ltd.**
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal
Tel: 01-4987995, 4989849, 4983362, Mob.: 9803031722, 9851088873, 9808875634, 9801188873, 9851072628.
Email: elitehrnepal@gmail.com, www.ehr.com.np

## कुवेतमा रोजगारको अवसर | कम्पनी: AL FAHAD LOGISTICS SERVICE CO शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१५१२ LT. No.: 306732

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver Light | 6 | 0 | स. काममा दक्ष | 135 | ५८,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
**हेभन ओभरसिज प्रा. लि.**
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

## यूएईमा रोजगारको अवसर | कम्पनी : TRANS GULF CEMENT PRODUCTS FACTORY LLC शहर : ABU DHABI

पूर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१५२४ L.T. No.: 306760

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 15 | 0 | स. काममा दक्ष | 800 | २९,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

श्रम इजाजत नं.: १५३२/०७८/०७९
**Ktm White Pearl H.R. Consultancy Pvt. Ltd.**
Shivapriya Marg, Sukedhara, Kathmandu, Tel : 01-5909824
Mobile: 9823322273, 9823753731, 9813648113, 9818565885.
E-mail : whitepearlhrc@gmail.com Web : www.whitepearlhr.com

## साउदीमा वैदेशिक रोजगार अवसर

कम्पनी: AXIS INSPECTION CO. शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८०/११/१० चलानी नं.: ६०२१५३३३ L.T. No.: 300469 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Water Pump Operator | 8 | 0 | स. काममा दक्ष | 2500 | ८८,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

श्रम इजाजत नं. ५२३/०६१/०६२
**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१-४९८८८०८,४९७९४४४,४९७९५५५,४९७९६६६
फ्याक्सः ४३८१११७ मो. 9801001144/9810201278
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## साउदीमा रोजगार | कम्पनी: NABD AL MAHARAT CONTRACTING COMPANY शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१५२० L.T. No.:306562

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 5 | 0 | | 1800 | ६३,९९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
**अल-हरमैन एच.आर. प्रा. लि.**
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौं, नेपाल, फोनः ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

## ओमनमा रोजगारको अवसर | कम्पनी: HAZAA INTEGRATED शहर: Oman

पूर्व स्वीकृत मितिः २०८१/०३/१० चलानी नं.: ६०२२१५३४ L.T. No.: 306729

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 130 | ४५,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | १०,००० |

श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## कुवेतमा रोजगार | कम्पनी: AL MULLA SECURITY SERVICES COMPANY K.S.C.C. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१५२९ L.T. No.: 306746

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 125 | ५४,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्याद जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।**

**युरो क्रस ईन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. ९९५/०६८/०६९ एयरपोर्ट, काठमाडौं, नेपाल, फोन नं: ४५८५८८३
Mobile No: 9813287381/9801101353

## यूएईमा रोजगारको अवसर

कम्पनी : POWER RECRUITMENT LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/१८ चलानी नं.: ६०२१७६८८ LT. No.: 302859 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 99 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Shuttering Carpenter | 125 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 3. | Steel Fixer | 125 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |

कम्पनी : BELRESHEED TECHNICAL AND SECURITY GUARD SERVICES BR. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ चलानी नं.: ६०२२१४२७ LT. No.: 306642

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 20 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 3. | Civil Engineer | 5 | 0 | | 4200 | १५२,५०२ | | | | | | | |
| 4. | Dredger Driver | 5 | 0 | | 1800 | ६५,३५८ | | | | | | | |
| 5. | Ordinary Labour | 20 | 0 | | 1000 | ३६,३१० | | | | | | | |
| 6. | Reinforcing Fitter. | 20 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 7. | Site Supervisor | 5 | 0 | | 2500 | ९०,७७५ | | | | | | | |
| 8. | Steel Fixer | 15 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १८ गते (2 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SkyStar Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मुसिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति : २०८१/०३/११**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/०२/०७ गते स्यानिटरी प्याड खरिद सम्बन्धी प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन हुंदा तपसिल बमोजिमको वोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई मिति २०८१/०३/०७ गतेको बोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार स्वीकृतिका लागि छनौट भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कामको विवरण | संख्या | बोलपत्रदाता | बोल कवोल रकम (मू.अ. कर वाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Sanitary Pad Ultra Clear | NCB/MM/Ruk.W/G.1S1E_080/081/06 | M/S Jasmin Hygiene Products Pvt. Ltd., Balbhadra Chok, Dharan Road, Morang | 9,67,834.00 | 62.41% Less |

**प्रमुख प्रशासकीय अधिकृत**

# बक्स अफिस समाचार

## १२औं नेपाल–अफ्रिका चलचित्र महोत्सव

# फुल र गोर्खा वारियर उत्कृष्ट चलचित्र

**काठमाडौं/मस**–कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेशन र विलक्षण क्रियसनको आयोजना तथा चलचित्र विकास बोर्डको सह-आयोजनामा काठमाडौंमा शुरु भएको '१२ औं नेपाल अफ्रिका फिल्म फेस्टिबल-२०२४'सम्पन्न भएको छ। महोत्सवमा नेपालबाट २० वटा चलचित्र र विभिन्न ९ मुलुकबाट ८ वटा अफ्रिकन चलचित्रसहित २८ वटा चलचित्र सहभागी थिए।



रक्षामन्त्री हरिप्रसाद उप्रेतीको प्रमुख आतिथ्यतामा महोत्सवमा सहभागी चलचित्रहरु मध्ये उत्कृष्ट चलचित्र तथा कलाकार प्राविधिकलाई पुरस्कार प्रदान गर्दै आईतबार साँझ यो महोत्सब सम्पन्न भएको हो। विजेताहरुलाई कार्यक्रममा रक्षामन्त्री हरिप्रसाद उप्रेती, अग्रज अभिनेत्री बसुन्धरा भुसाल, अभिनेता रमेश उप्रेतीले अवार्ड प्रदान गरे। महोत्सवमा अफ्रिकाबाट सहभागी चलचित्रहरुमध्ये उत्कृष्ट अफ्रिकन कथानक चलचित्रको अवार्ड रामदान सुलेमान निर्देशित साउथ अफ्रिका/मोजाम्बिया/जिम्बाबेको चलचित्र 'फुल'ले जितेको छ।

महोत्सबमा उत्कृष्ट अफ्रिकन वृत्तचित्रको अवार्ड तान्जानियाँ/टर्कीको बृत्तचित्र 'ह्वाईट पोजन'ले प्राप्त गऱ्यो भने उत्कृष्ट लघु चलचित्रको अवार्ड क्यामरुनको लघु चलचित्र 'सर्भाईभर'ले हासिल गऱ्यो। महोत्सवमा जुरी अवार्ड क्यामरुनको लघु चलचित्र अफस्प्रिङबाट निर्देशक टाटा फिडेलिसले हासिल गरे भने स्पेशल मेनसन अवार्ड जमैकाको लघु चलचित्र 'इग्नोरेन्स इज अ लाइफस्टाईल'ले प्राप्त गऱ्यो। अफ्रिकन तर्फको निर्णायकमा नेपालबाट पत्रकार तथा बृत्तचित्र निर्देशक गणेश पाण्डे, चलचित्र विकाश बोर्डका सदस्य एवम् निर्देशक राजु केसी, निर्माता रौनकबिक्रम कँडेल, भारतबाट चलचित्रकर्मी राहुल बर्मा र बँगलादेशबाट चलचित्रकर्मी महम्मद शाहरियर कमल थिए।

यस्तै नेपाली कथानक चलचित्र विधामा गोर्खा वारियर उत्कृष्ट चलचित्र बन्न सक्यो भने यही चलचित्रबाट उत्कृष्ट निर्देशकको अवार्ड मिलन चाम्सले र उत्कृष्ट अभिनेताको अवार्ड रितेश चाम्सले जिते। उत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र सरी मम्‌बाट सरिता लामिछानेले, यही चलचित्रबाट अभिनेता जुरी अवार्ड प्रभात पाल ठकुरीले, संगीतकारको अवार्ड चलचित्र काँडेतारबाट दिपक शर्माले, गायिकाको अवार्ड काँडेतारबाटै सत्यकला राई र गायकको अवार्ड चलचित्र शिरफुलबाट आर्जन पाण्डेले प्राप्त गरे।

यस्तै उत्कृष्ट बृत्तचित्र निर्देशकको अवार्ड यसपालीको काँचो बायुबाट भिमा मैनाली र बृत्तचित्र छायांकारको अवार्ड जर्नी टु गोक्योबाट राजन खरेलले प्राप्त गरे। यस्तै आदिबासी चलचित्र तर्फ उत्कृष्ट अदिबासी चलचित्रको अवार्ड लोजिमाले, यही चलचित्रबाट उत्कृष्ट अभिनेत्रीको अवार्ड बिमला लिम्बुले, सह अभिनेताको अवार्ड रुद्र पाहिमले प्राप्त गरे।

उत्कृष्ट आदिवासी अभिनेताको अवार्ड चलचित्र सनाखतबाट धिरने शाक्यले हाँसिल गरे। यस्तै जुरी अवार्ड चलचित्र लिम्बु चलचित्र रितले, उत्कृष्ट निर्देशकको अवार्ड रितबाटै दिनेश लिङदेनले प्राप्त गरे। नेपाली चलचित्र, आदिबासी चलचित्र तथा बृत्तचित्रको निर्णायकमा अभिनेता बीरेन्द्र हमाल, पत्रकार प्रदिप कार्की, गायक ओम सुनार, नृत्य निर्देशक कृष्ण रसाल थिए।

महोत्सबमा लघु चलचित्र तथा सँगीतिक लघु चलचित्रतर्फ उत्कृष्ट लघु चलचित्र निर्देशकको अवार्ड घटेरोबाट पुरुषोत्तम बस्नेतले, लघु चलचित्र अभिनेत्रीको मातृत्वबाट सिर्जना अधिकारीले, उत्कृष्ट पटकथाको अवार्ड लघु चलचित्र धुकधुकीबाट तारा अधिकारीले, उत्कृष्ट छायांकारको अवार्ड लघु चलचित्र रोटेन ब्लडबाट रविन आचार्यले र उत्कृष्ट लघु सांगीतिक चलचित्र संगीतकारको अवार्ड शंकर थापा 'स्माईल'ले हासिल गरे। यो समुहको निर्णायकमा गायक हिमाल श्रेष्ठ, मोडलद्वय प्रतीक्षा काफ्ले र सजिना लामिछाने थिए। रक्षामन्त्री हरिप्रसाद उप्रेतीले महोत्सबको समापन समारोहलाई सम्बोधन गर्दै यो महोत्सवले नेपाल र अफ्रिकालाई चलचित्रको माध्यमबाट जोडेको बताए।


MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार बिल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

**कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसुचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८१/०३/११**

यस वित्तीय संस्थाको शाखा कार्यालय नेपालगंजबाट कर्जा लिने देहाय बमोजिम ऋणीले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ। उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितो बाट र कदमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल-अचल सम्पत्ति, ऋण लिदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तीबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०८० को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ।

**तपशिल**

**१. ऋणीको विवरण**

**कर्जाको प्रकार : सानो सजिलो कर्जा/व्यक्तिगत आवधिक कर्जा**
**ऋणीको नाम : लिला तमोली**
बाबु : बदिल तमोली
पति : दुर्गा प्रसाद तमोली
ना.प्र.नं. : ६६३०१५/१०
जारी मिति : २०६३/११/०९, जि.प्र.का. : बाँके
ठेगाना : बाँके जिल्ला, शमसेरगंज गा.वि.स. वडा नं. ०७, को परिवर्तित बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. १४।

**व्यक्तिगत जमानी दिनेहरूको विवरण**

| | |
|---|---|
| **व्यक्तिगत जमानिकर्ता : दुर्गा प्रसाद तमोली**<br>बाबु : जगतपाल तमोली<br>बाजे : राम लखन तमोली<br>ना.प्र.नं. : २१५९४<br>जारी मिति : २०५०/०५/२७ (प्रथम प्रतिलिपी: २०७४/१०/२४), जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला, शमसेरगंज गा.वि.स. वडा नं. ०७, को परिवर्तित बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. १४। | **व्यक्तिगत जमानिकर्ता : बिशाल तमोली**<br>बाबु : दुर्गा प्रसाद तमोली<br>बाजे : जगतपाल तमोली<br>ना.प्र.नं. : ६६-०६-७८-०१६४६<br>जारी मिति : २०७८/०६/०५, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. १४। |
| **व्यक्तिगत जमानिकर्ता : बिष्णु कुमार तमोली**<br>बाबु : दुर्गा प्रसाद तमोली<br>बाजे : जगतपाल तमोली<br>ना.प्र.नं. : ६६-०६-७३-०१९३७<br>जारी मिति : २०७३/०७/२२<br>जि.प्र.का. : बाँके जिल्ला, शमसेरगंज गा.वि.स. वडा नं. ०७, को परिवर्तित बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. १४। | **व्यक्तिगत जमानिकर्ता : शंकर प्रसाद तमोली**<br>बाबु : दुर्गा प्रसाद तमोली<br>बाजे : जगतपाल तमोली<br>ना.प्र.नं. : ६६-०६-७७-०३८६२<br>जारी मिति : २०७७/०८/१५, जि.प्र.का. : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. १४। |



*नेपाल सरकार*
*स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*
*चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान*
*वीर अस्पताल*

**Comprehensive Maintenance Contract गर्ने सम्बन्धि सूचना**

*सूचना प्रकाशित मितिः २०८१/०३/११*

*यस अस्पतालमा प्रयोगमा रहेको देहायको उपकरणको सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १ (घ) बमोजिम* Comprehensive Maintenance Contract *गर्नु पर्ने भएकोले सो सँग सम्वन्धित अन्य आपूर्तिकर्ताहरु भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्रै कार्यालय समयभित्र अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म यस अस्पतालको खरिद इकाईमा प्रमाणित हुने कागजात सहित सम्पर्क राख्न हुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (६) बमोजिम जानकारी गराइन्छ।*

| सि.नं. | सामान | सेवाको नाम | सेवा प्रदायक कम्पनी |
|---|---|---|---|
| १ | 128 CT Scan Machine | Comprehensive Maintenance contract | Medi Solution |

*निर्देशक*



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०३/११

यस कम्पनीको मिति २०८१।०३।०५ मा सम्पन्न भएको विशेष साधारण सभाद्धारा यस एस.बि. आल्मुनियम प्रा.लि. को नाम परिवर्तन गरी एस.बि. आल्मुनियम एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.न.१४६५४३।०७२।०७३) कायम भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१।०३।०९ गतेको निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने दायत्वि यसै कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०५/२६ मा दर्ता भएको **प्रा.लि.नं. १७५०२३/०७४/०७५** को **टार्जन एण्ड प्रिज्म कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८१/०३/१० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०५/१७ मा दर्ता भएको **प्रा.लि.नं. २२३१८३** को **जनकपुर फाउण्डेशन अफ हेल्थ साइन्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०३/११

यस कम्पनीको मिति २०८१/०२/१७ मा बसेको विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी भि.एक्स.एल. माइग्रेसन एजुकेशन कन्सल्टेन्ट्स प्रा.लि. ( V.L.X. Migration Education Consultants Private Limited) (दर्ता नं. २४०१९३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्राको कार्यालयको मिति २०८१/०२/२४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी विजवे एजुकेशनल कन्सल्टेन्सी प्राईभेट लिमिटेड (**Wizway Educational Consultancy Private Limited**) कायम गरिएको जानकारी गराईन्छ।



**लक्ष्मी सन्राइज बैंक लिमिटेड**
**शाखा कार्यालय, अत्तरखेल**

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

कालिका प्रसाद पुडासैनीको नाति, प्रेम प्रसाद कालिका पुडासैनीको छोरा, भगवती कालिकाको पति काठमाडौं जिल्ला, भद्रवास गा.वि.स. वडा नं. २ भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने लक्ष्मी प्रसाद कालिका पुडासैनीको मिति २०८०/०५/१९ मा मृत्यु भएको कारण यस बैंक (साविक सन्राइज बैंक) को शाखा कार्यालय अत्तरखेल शाखामा निज मृतकको खाता नं. ०६२०४१६००५२२३००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको पत्नी नाता पर्ने दशरथ दहालको नातिनी, जगनाथ दहालको छोरी लक्ष्मी प्रसाद कालिका पुडासैनीको पत्नी काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने भगवती कालिकाले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

दोश्रो पटक प्रकाशित मिति २०८१/०३/११

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ. (४) तथा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ६ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम यस नगरपालिका क्षेत्र भित्रबाट संकलन भई निकासी हुने खाली सिसी, प्लाष्टिक, बोतल, पुराना भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालिन, जर्किन, खाली बोरा, तेलको टिन, धातुको टुक्रा तथा कबाडी सामानहरु र प्रशोधन गरी पुनः प्रयोगमा आउन सक्ने कबाडीजन्य सामानहरुको बिक्री/निकासी गरी आ.व. २०८१/०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका (कबाडी कर संकलन अनुमति प्राप्त) योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ८ (औं) दिनको १२:०० बजे भित्र E-bidding वा हार्डकपी मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

ठेक्का विवरण

| क्र.सं. | बोलपत्र नं. | ठेक्काको विवरण | दर रु. | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर सहित) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | MMSI/ 2081-82/02 | मेलम्ची नगरपालिका क्षेत्र भित्र कबाडी कर संकलन तथा बिक्री। | फलाम तथा अन्य धातुजन्य बस्तुहरु प्रति के.जी. रु. ४।– र फलाम तथा अन्य धातुजन्य बाहेक अन्य कबाडी सामान प्रति के.जी. रु. २।– | १,१३,०००।– (अक्षरुपी एक लाख तेह्र हजार रुपैयाँ मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १५० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | १,०००।– |

थप जानकारी

- धरौटी खाता नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३०००००३००००००००१
- आन्तरिक राजस्व खाता नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३०००००१००१००००००१ (राजस्व शिर्षक : अन्य सेवा शुल्क १४२१९)
- ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Download गर्न सक्नुहुनेछ।
- अन्य थप जानकारीका लागि कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

# राष्ट्रिय पौडी असार २२ गतेदेखि



**काठमाडौं/मस** - विश्व एक्वेटिक्स दिवसका अवसरमा नेपाल पौडी संघले प्रथम नेपाल एक्वेटिक्स प्रतियोगिता आयोजना गर्ने भएको छ । प्रतियोगिता असार २२ देखि २३ गतेसम्म हुनेछ । प्रतियोगितामा खुला र उमेर समूहमा गरी जम्मा ६५ स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक संघका सचिव गंगालाल गोलेले जनाएका छन् । सट कोर्स प्रतियोगितामा करिब ३ सय खेलाडीको सहभागिता रहने बताइएको छ ।

राष्ट्रिय कीर्तिमान कायम गर्ने खेलाडीलाई ५ हजार नगदबाट पुरस्कृत गरिने छ । सहभागिताका लागि अनलाइन दर्ता खुला भइसकेको सचिव गोलेले बताए । खेलहरु सातदोबाटोस्थित हिटिङ पौडी पोखरीमा खेलाइने छ । गत वैशाख ८ गते पौडी संघको नयाँ केन्द्रीय कार्यसमिति चयन भएपछि संघको यो पहिलो प्रतियोगिता हो ।

# पारा तथा विशेष खेलकुद मंगलबारदेखि

**काठमाडौं/मस** - राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा पारा तथा विशेष खेलकुद प्रतियोगिता मंगलबारदेखि हुने भएको छ । प्रतियोगितामा विभिन्न १३ खेलको प्रतिस्पर्धा हुने पारा तथा विशेष खेलकुद प्रतियोगिता व्यवस्थापन तथा सञ्चालन समितिले जनाएको छ ।

एथलेटिक्स, ह्वीलचियर बास्केटबल, बोसिया, क्रिकेट, साइक्लिङ, एम्पुटी फुटबल, दृष्टिविहीन गोलबल, जुडो, साउन्ड टेबलटेनिस, पारा टेबलटेनिस, पौडी र भारोत्तलनको प्रतिस्पर्धा हुनेछ । यी १३ खेल सम्बन्धित पारा खेल संस्थाको व्यवस्थापनमा उपत्यकाका विभिन्न स्थानमा हुने समितिका सचिव मिनकुमार शर्माले जानकारी गराए । मंगलबार प्रतियोगिताको औपचारिक उद्घाटन मात्र हुनेछ । १५ दिनभित्र सम्बन्धित संस्थाले आ-आफ्नो




जिम्मेवारीमा परेको प्रतियोगिता आयोजना गरिसक्नुपर्नेछ । १२५ स्वर्ण, १२५ रजत र १४३ कांस्यका लागि प्रतिस्पर्धा हुने जनाइएको छ ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **Quality International Overseas Consultancy Pvt. Ltd.** श्रम इजाजत पत्र नं. ४४९/०६०/०६१ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | नागरिकता नं. | कर्मचारीहरुको पद |
|---|---|---|---|
| 1. | Dinesh Khadka | 43209 | Assistant Manager |

**Quality International Overseas Consultancy Co. (P.) Ltd.**
Sinamangal-9 Kathmandu, Nepal. Tel:- 01-5906456
E-mail: qualityintloverseas@gmail.com, Website: www.qualityintloverseas.com
श्रम इजाजत नं. ४४९/०६०/०६१


**नेपाल सरकार**
**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान**
**व्यवसायिक प्रशिक्षण केन्द्र**
इटहरी, सुनसरी

## जनचेतनामुलक सूचना

- हत्केलालाई सीप थमाई सृजनशील बनौं ।
- उद्यमशीलता, रोजगारी र अन्य आय आर्जन को दायरालाई फराकिलो बनाऔं ।
- सीप सिकौं आत्मनिर्भर बनौं ।
- तपाई आत्मनिर्भर भए समाज र राष्ट्रको समृद्धि हुन्छ ।
- व्यवसायिक प्रशिक्षण केन्द्रले विभिन्न विषयमा दिने नि:शुल्क तालिम लिई रोजगारीको अवसर बढाऔं ।

# वेष्टइण्डिजलाई हराउँदै दक्षिण अफ्रिका सेमिफाइनलमा



**काठमाडौं/मस-** दक्षिण अफ्रिकाले आईसीसी टी-२० विश्वकप २०२४ को सुपर-८ खेलमा वेष्टइन्डिजलाई डकवर्थ लुइस पद्दतिको आधारमा ३ विकेटले हराउँदै सेमिफाइनलमा स्थान बनाएको छ । दक्षिण अफ्रिका सुपर-८ को ग्रुप बी बाट ६ अंकका साथ शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा पुगेको हो । जारी विश्वकपमा दक्षिण अफ्रिकाको यो लगातार सातौं जित हो ।

१२३ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले १६.१ ओभरमा ७ विकेट गुमाउँदै पूरा गर्यो । १३६ रनको लक्ष्य पछ्याउनेक्रममा दक्षिण अफ्रिका २ ओभरमा १५-२ को अवस्थामा वर्षाको कारण खेल रोकिएको थियो । पुन : खेल सुरु हुन ढिलो हुँदा तीन ओभर घटेको थियो । दक्षिण अफ्रिका टी-२० विश्वकप इतिहासमा तेस्रो पटक सेमिफाइनलमा पुगेको हो । यसअघि टी२० विश्वकपमा दक्षिण अफ्रिका सन् २००९ र २०१४ मा सेमिफाइनल खेलेको थियो । अन्य संस्करणमा भने सेमिफाइनलमा पुग्न सकेको थिएन ।

## स्विट्जरल्यान्ड अन्तिम १६ मा, हंगेरीको रोमाञ्चक जित

**काठमाडौं/मस** - अन्तिम समयमा स्कटल्यान्डविरुद्ध रोमाञ्चक जित हात पारे पनि हंगेरी युरो कप २०२४ को समूह चरणबाटै बाहिरिएको छ । आइतबार राति भएको समूह एको अन्तिम खेलमा स्कटल्यान्डलाई १-० गोलअन्तरले हराए पनि हंगेरी समूह चरणबाटै बाहिरिएको हो । समूह चरणमा हंगेरीले पहिलो जित दर्ता गरेको हो । खेलको १००औं मिनेटमा केभिन कासोबोथको गोलमा हंगेरीले युरोकपमा रोमाञ्चक जित हासिल गरेको हो । निर्धारित समय गोलरहित बराबरीमा सकिए पनि १००औं मिनेटमा मिनेटमा गोल गर्दै सान्त्वना जितसहित हंगेरीले विश्वकपमा सुखद अन्त्य गरेको छ ।


## UAEमा बैदेशिक रोजगारको अवसर

कम्पनी : Arar Building Cleaning Services Co. LLC शहर: UAE, Dubai पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०७९/१२/२९ चलानी नं. ६०२००१९७ LT No. 284565

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Window Cleaner | 4 | 0 | काममा दक्ष | 800 | २८,५३० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Hotel Cleaner | 5 | 0 | | 800 | २८,५३० | | | | | | | |
| ३. | Bulding Exterior Cleaner | 2 | 0 | | 800 | २८,५३० | | | | | | | |
| ४. | Office Cleaner | 0 | 1 | | 800 | २८,५३० | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | नि:शुल्क | नि:शुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८१ असार १८ गते (2 July, 2024) मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np


**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Physical Infrastructure Directorate**
**Infrastructure Development Office**
**Khalanga, Jajarkot, Nepal**

## Letter of Intent (LoI)

**Date of Publication:2081/03/11(25 June 2024), IFB No:10/IDO/JKT/080/081**

This is notify (as per Section 27(2) of public procurement Act 2063) to all concerned bidders that, we are going to award following contract as per IFB 10/IDO/JKT/080/081 published on Madhyan National daily Newspapers Date on 2081/01/21 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| Contract ID No. | Name of Project | Substantially responsive Lowest evaluated bidders | Accepted Bid Amount Including VAT & PS (Nrs) |
|---|---|---|---|
| IDO/JKT/W/NCB/BRD/02/2080/081 | Construction of Sepukhola Bailey Bridge, Barekot-08, Jajarkot | Sabin Construction, Bheri-02 | 4,16,53,855.00 |
| IDO/JKT/W/NCB/BRD/03/2080/081 | Construction of Kauli Bailey Bridge, Barekot-05, Jajarkot | Sabin- KBG JV, Bheri-02 | 4,09,70,883.00 |

**Office Chief**

**मार्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लटिनाथ, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## दिवा खाजा व्यवस्थापक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१-०३-११ गते ।**

उपरोक्त सम्बन्धमा यस मार्मा गाउँपालिकाको कार्यालयको मिति २०८१-०३-१० को निर्णयानुसार यस मार्मा गाउँपालिका अन्तर्गत दिवा खाजा कार्यक्रमका लागि आवश्यक दिवा खाजा व्यवस्थापक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ती गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०८/२०८०/०८१ | दिवा खाजा व्यवस्थापक | सहायक चौथो | १ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव:**
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको,
   ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भइ ३५ बर्ष ननाघेको,
   ग. कम्प्युटर सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,
२. **दरखास्त दिने मिति:**- २०८१/०३/११ देखि २०८१/०३/१७ गते कार्यालय समयभित्र
३. **आवेदनको दस्तुर:**- रु. ४००/- (चार सय मात्र)
४. **छनौटको किसिम:** - लिखित परीक्षा, कम्प्युटर सीप परिक्षण र अन्तर्वार्ता
५. **आवेदन साथ संलग्न कागजातहरु:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   क. नागरिकता
   ख. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाण पत्र
   घ. तालिमको प्रमाण पत्र
   ङ. अनुभव भए सोको कागजात
   च. २ प्रति पासपोर्ट फोटो
६. **सेवा सुविधा तथा अन्य:** करार सम्झौता बमोजिम हुनेछ ।
७. परीक्षा मिति २०८१/०३/१८ गते बिहान १० बजेदेखि गाउँपालिकाको सभा हल सञ्चालन हुनेछ ।

*"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"*

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत हुने आशयको सूचना

**प्रकाशित मिति: २०८१/०३/११**

दमक नगरपालिकाबाट प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरुका सम्बन्धमा दमक नगरपालिकाको निर्णयानुसार देहायको बोलपत्र न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट सहित रु | कै |
|---|---|---|---|---|---|
| 1 | DMO/JHAPA/SQ/DWSUC/INSTALL/55/080-81 | Installation of Transformer and Generator on Dumse Water and Sanitation User Committee, Damak 3 | Shree Aujar Construction, Damak | 16,91,704.17 | |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/०२/१८ मा दर्ता भएको **प्रा.लि.नं. २९१४९४** को **मालीका स्टोर एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०२/१९ मा दर्ता भएको **प्रा.लि.नं. ६३२३७** को **दुर्गा इन्टरनेशनल ह्याण्डीक्राफ्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गो.हु.का.द.नं. ३३/०६९/०७०
११ असार २०८१, मंगलबार
25 June 2024, Tuesday

धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिबारे अर्थमन्त्री

# ‘कसैले दबाब दिएको छैन, योग्य मान्छे नियुक्त हुन्छ’

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १० असार ।

६ महिनादेखि रिक्त रहेको नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिको विषयलाई लिएर लामो समयपछि अर्थमन्त्री वर्षमान पुनले मुख खोलेका छन् । सोमबार प्रतिनिधिसभामा सांसदहरुले सोधेको प्रश्नको जवाफ दिँदै मन्त्री पुनले बोर्डमा व्यावसायिक र योग्य मान्छे नियुक्त हुने आफूलाई विश्वास रहेको बताए ।

बोर्ड अध्यक्ष नियुक्तिबारे सञ्चार माध्यममा विभिन्न स्वार्थ समूहको चलखेल भएको भन्दै आफू र प्रधानमन्त्रीसहित शीर्ष नेताको नाम जोडेर गरिएको प्रचारबाजी सत्य नभएको मन्त्री पुनले उल्लेख गरे । तर, पुस तेस्रो सातादेखि रिक्त रहेको धितोपत्र बोर्डको अध्यक्ष पदमा सिफारिस समितिले प्रक्रिया अगाडि बढाएर अन्तर्वार्ताको तहमा पुगिसकेको सन्दर्भमा उनी स्वयम्ले अर्थमन्त्रालयको तर्फबाट बोर्डको कार्यबाहक अध्यक्ष तोकिएका सहसचिव रितेश शाक्यलाई हटाएर सहसचिव नरेन्द्र रानालाई अहिले बोर्ड अध्यक्षको जिम्मेवारी दिएका छन् । जसले धितोपत्र बोर्डमा प्रक्रियागत रुपमा छिटो अध्यक्ष नियुक्त गर्ने उनको मनासाय नरहेको देखायो । साथै विगतमा माओवादीको तर्फबाट




विभिन्न क्षेत्रमा नियुक्ति भएका २ जना व्यक्तिहरु र बोर्डका कार्यकारी निर्देशक नवराज अधिकारी दुई पटकसम्म अन्तवार्ता र कार्ययोजना प्रस्तुतीकरणमा सहभागी भएनन् । जुन विषयलाई हेर्दा स्वभाविक रुपमा संगठित जस्तो देखिन्छ ।

तर, सोमबार प्रतिनिधिसभामा बोल्दै मन्त्री पुनले दबाबका विषयहरुमा सत्यता नभएको जिकिर गरे । ‘कुनै नेता विशेषले दबाब दिएका कुराहरु आएका छन् । यो सत्य होइन । व्यवसायिक रुपले दक्ष मान्छे नियुक्त हुन्छ भन्ने मेरो विश्वास छ’, उनले भने, ‘जति पनि आरोप र लाञ्छनाहरु छन् कति ठाउँमा शीर्ष नेताहरुलाई जोडेर, कति ठाउँमा मलाई र प्रधानमन्त्रीलाई जोडेर यो कुरामा सत्यता छैन ।’

पुस तेस्रो सातादेखि रिक्त धितोपत्र बोर्डका अध्यक्षको नियुक्ति प्रक्रिया रोकिँदा तीन महिना भन्दा बढी समयदेखि बोर्डको काम ठप्प छ । ६२ लाखभन्दा बढी नागरिक सहभागी भएको शेयरबजारको नियमन गर्ने धितोपत्र बोर्डको अध्यक्ष चयन पुँजीबजार नै प्रभावित बन्न पुगेको धेरैले विश्लेषण गरेका छन् । बोर्डमा अध्यक्षको नियुक्तिमा लामो समयदेखि विभिन्न बाहनामा नियुक्तमा ढिलाई गरेपछि सांसदहरुले समेत अर्थमन्त्रीसँग सो विषयमा धारणा माग गरे । सांसदहरुले उठाएको सवालहरुलाई सम्बोधन गर्दै मन्त्री पुनले सोमबार अर्थमन्त्री वर्षमान पुन अनन्तले दक्ष र व्यवसायिक व्यक्तलाई सरकारले छिट्टै धितोपत्र बोर्डको अध्यक्ष नियुक्त गर्ने बताए ।

पुनले १९ आवेदकमध्येबाट छनोट समितिले ५ जनाको नाम ‘सर्ट लिष्ट’ गरेको र त्यसमध्ये दुई जना मात्र प्रस्तुतिकरणका लागि उपस्थित भएकाले यस्तो अवस्थामा के गर्न सकिन्छ भन्नेबारे महान्यायाधिवक्ता कार्यालयसँग राय मागिएको जानकारी दिए । महान्याधिवक्ता कार्यालयकाअनुसार आइतबार मात्रै सिफारिस समितिले लिखित रुपमा सुझाव माग गरेको छ ।

‘पूर्ववर्ती अर्थमन्त्रीकै समयमा सरकारले राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा अर्थ सचिव पदेन र एक जना विज्ञसहित तीन सदस्यीय समिति गठन गरेको रहेछ । समितिले अध्यक्ष छनोटका लागि आवेदनमा मागेकामा १९ जनाले आवेदन दिएको, त्यसमध्ये ५ जनालाई सर्ट लिष्ट गरेको । ५ जनामध्येबाट प्रस्तुतिक लागि बोलाउँदा दुई जना मात्र आउनुभएको’, उनले भने, ‘कानूनमा स्पष्ट रुपमा कम्तिमा पनि तीनजना योग्यहरुलाई सिफारिस गर्ने भनेकोर्ले अप्ठेरो परेर समितिले सरकारको कानूनी सल्लाहकार महान्यायधाधिवक्तालाई के गर्न सकिन्छ भनेर सोधेर पठाएको छ । कानूनी राय आउने बित्तिकै समितिले सरकारलाई सिफारिस गर्नेछ र सरकारले त्यसबारे छिट्टै आवश्यक निर्णय लिन्छ । म विश्वास दिलाउन चाहन्छु ।’

# मन्दी हटाउने मौद्रिक नीतिको अपेक्षामा निजी क्षेत्र

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं १०, असार ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपालको अर्थतन्त्र सुधारोउन्मुख भएको भन्दै लचिलो मौद्रिक नीतिको तयारी भइरहको बताएका छन् । नेपाल व्यवस्थापन संघले सोमबार आयोजना गरेको आगामी आर्थिक वर्षको मौद्रिक नीति सम्बन्धी छलफलमा गभर्नर अधिकारीले नेपालको अर्थतन्त्र अहिले आर्थिक र मौद्रिक हिसावले धेरै नै सहज भएको बताए । उनले भने ‘अहिले अर्थतन्त्र धेरै हिसावले सहज छ, अहिले बाह्य क्षेत्र धैरै सहज छ त्यसलाई अब प्रयोग गरौं ।’ अहिले रोजगारी र पढ्नका लागि बाहिर जाने बढ्दा त्यसको असर आन्तरिक अर्थतन्त्रमा देखिएको बताए ।

साउनको दोस्रो हप्ता आउने लागेको मौद्रिक नीति प्रति निजी क्षेत्रका व्यवसायीहरुले अहिलेको मन्दीबाट बाहिर ल्याउनेगरी मौद्रिक नीति बन्नु पर्नेमा जोड दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ उपाध्यक्ष अञ्जन श्रेष्ठले नीतिगत अस्थिरताको कारण व्यवसायीहरु समस्यामा परेको बताए । उनले वाह्य क्षेत्र सकारात्मक भए पनि आन्तरिक क्षेत्र पीडामा रहेको बताए । व्याजदर घट्दा समेत कर्जा बढ्न नसकेको वित्तभन्दा मौद्रिक नीतिप्रतिको अपेक्षा बढिरहेको बताए । नेपाल चेम्बर अफ कमर्स अध्यक्ष कमलेशकुमार अग्रवालले निजी क्षेत्रको जोखिम बहन गर्ने क्षमता न्यून हुदै गएको बताए । उनले विगतको दायित्व भुक्तानीका लागि सरकारसँग समन्वय गरेर ‘स्टिमुलस प्याकेज’ को आवश्यकता रहेको बताए ।

यस्तै नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष भेषराज लोहनीले घरजग्गा कर्जामा लोन टु भ्यालु रेसियो ८० प्रतिशत बनाउनुपर्ने माग गरे । इप्पानका अध्यक्ष गणेश कार्कीले बैंकहरुलाई २० प्रतिशत अनिवार्य लगानी गर्नुपर्ने नीति आवश्यक रहेको बताए । ऊर्जा क्षेत्रमा सरकारको




लक्ष्य अनुसार उत्पादन गरी १० हजार मेगावाट निर्यात गर्न ६० खर्ब लगानी आवश्यक रहेको भन्दै लगानीलाई सहज हुने नीति ल्याउनु पर्नेमा उनले जोड दिए ।

प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले नेपालमा अवसर नै अवसर भएकोले आगामी आर्थिक वर्षको उज्जालो आर्थिक वर्ष बन्नु पर्ने बताए । उनले बैंकहरुको धैर्यताको कारण अर्थतन्त्र बिग्रिन नदिएको दाबी गरे । नेपाल बैंकर्स संघका उपाध्यक्ष सन्तोष कोइरालाले तरलता हुँदा पनि पुँजीकोषको समस्याले कर्जा विस्तार गर्न समस्या देखिएको भन्दै मौद्रिक नीतिबाट समस्या समाधान गर्नु पर्नेमा जोड दिए ।

यस्तै नेपाल सुन चाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले सुनको भन्सार बढ्दा समस्या भएको भन्दै मौद्रिक नीतिबाट दैनिक २० केजीको कोटा हटाएर खुला गर्नु पर्ने माग गरे भने चाँदी पनि खुला रुपमा आयात गर्न पाउने व्यवस्था भए बजारमा चाँदीको अभावको समस्या समाधान हुने बताए । होटल एशोसिएसनका अध्यक्ष विनायक शाहले पुराना होटललाई बैंकको ब्याज तिर्न समस्या भएको भन्दै पुनर्संरचना र पुनर्तालिकीकरणको सुविधा दिनुपर्ने बताए । उनले भारतीय पर्यटकले २५ हजार भन्दा बढी नगद ल्याउन नपाउने र डिजिटल पेमेन्ट पनि सहज नहुँदा भारतीय पर्यटक आउदाँ समेत खर्च गर्ने वातावरण नभएको बताए ।

कार्यक्रममा बोल्दै नेपाल निर्माण व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष एडी लामाले निर्माण क्षेत्रको ६० अर्ब भुक्तानी बाँकी रहेको र क्रोनिक ठेक्कामा पाँच खर्ब रहेकाले ६ महिनामा उक्त रकम भुक्तानी गर्न सके मात्रै क्रोनिक पुरानो ठेक्का सकिने बताए । गैर आवासीय नेपाली संघका प्रतिनिधि यस्तै कृषि विज्ञहरु कृष्णदेश जोशीले कृषिमा लगानीको लागि मौद्रिक नीतिले प्रोत्सासन गर्नु पर्नेमा जोड दिए । उनले अहिले जसरी कृषिमा पाउने लोन अपहरण गरेर अपचलन भएको छ त्यसको निर्मम समिक्षा राष्ट्र बैंकले गर्नुपर्ने धारणा राखेका छन् ।

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस मध्यान्ह मिडिया प्रा. लि. मार्फत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रा. लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा. लि.**
**गोगंबु, काठमाडौं**
**Email: ad.madhyanha@gmail.com**

# नेपालमा बनेको हुन्डाई भेन्यु ६.९९ प्रतिशत ब्याजदरमा खरिद गर्न सकिने

**काठमाडौं/मस** – नेपालमा बनेको हुन्डाई भेन्यु ६.९९ प्रतिशत ब्याजदरमा खरिद गर्न सकिने भएको छ । नेपालका लागि हुन्डाई गाडीको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलको भगिनी संस्था लक्ष्मी मोटर कर्पोरेसनले एसेम्बल गरेको भेन्यू सो ब्यादरमा खरिद गर्न सकिने जानकारी कम्पनीले गराएको हो ।

हुन्डाई नेपाल : मेड फर योर जर्नी ग्राहकमुखी योजना अनुसार हुन्डाई भेन्यू खरिद गर्दा ६.९९ प्रतिशत फाइनान्सिङ व्यवस्था, १० वर्षको निःशुल्क सर्भिसिङ र तीन वर्षको वारेन्टी रहने छ । लक्ष्मी मोटर कर्पोरेसन, नेपालमा लक्ष्मी ग्रुपको लगानी तथा हुन्डाई मोटर कम्पनीसँगको प्राविधिक सहकार्यमा स्थापना भएको हो ।

लक्ष्मी मोटर कर्पोरेसनले पहिलो पटक नेपालमा भेन्यु मोडल उत्पादन शुरु गरेको र यसको बनोट, गुणस्तर, पर्फमेन्स लगायतका गुणहरु हुन्डाई मोटर कम्पनी, कोरिया वा इन्डियामा बन्ने सोही मोडलका गाडी सरहकै हुने कम्पनीले दाबी गरेको छ । स्वदेशमा नै उत्पादन गरी देशको औद्योगीकरण, आयात प्रतिस्थापन, रोजगारी सिर्जना, आन्तरिक राजस्वमा वृद्धि, सिप तथा प्रविधि विकास, सहायक उद्योगको स्थापना, आन्तरिक स्रोत तथा विद्युतको खपत, कुल गार्हस्थ उत्पादनमा योगदानका साथ साथै उपभोक्तालाई सहुलियत मूल्यमा सवारी साधन उपलब्ध गराउने उद्देश्य रहेको कम्पनीले जानकारी गराएको छ ।




कम्पनीका अनुसार मेड इन नेपाल हुन्डाई भेन्यु १.२ (एस) को मूल्य ४४ लाख ९६ हजार र भेन्यु १.२ (एसएक्स) को मूल्य ५३ लाख ५६ हजार रुपैयाँ कायम गरिएको छ ।

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

## आन्तरिक आय संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०३/११ गते**

यस कार्यालयले आर्थिक बर्ष २०८१/२०८२ को लागि नेपालको सम्बिधानको अनुसूचि ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्रका देहाय बमोजिमका आन्तरिक आय संकलनका क्षेत्रहरुबाट कर तथा भाडा संकलनका लागि सिलबन्दी दरभाउपत्र बन्दोबस्त गर्नुपर्ने भएकाले यो सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गरिएकोछ ।

**देहायः**

| दरभाउपत्र नम्बर | दरभाउपत्रकोको शिर्षक | बार्षिक न्यूनतम अङ्क (मू.अ.कर बाहेक) रु. |
|---|---|---|
| १/०८१/०८२ | पशुचौपाया विक्री वितरणको कर संकलन | ७,६०,००० |
| २/०८१/०८२ | रामपुर बजार साप्ताहिक हाटबाट कर संकलन | २,००,००० |
| ३/०८१/०८२ | कवाडी कर संकलन | १,००,००० |
| ४/०८१/०८२ | लालबजार, सुपाडेर सिखरमाडी साप्ताहिक हाटबजार कर संकलन | १,१०,००० |
| ५/०८१/०८२ | पुरन्दह र गलफडीया बजार साप्ताहिक हाट कर संकलन | २०,००० |
| ६/०८१/०८२ | आम्बासी बजार साप्ताहिक हाट बजार कर संकलन | १०,००० |
| ७/०८१/०८२ | वानडाँडा बजार साप्ताहिक हाट कर | ४२,५०० |
| ८/०८१/०८२ | खसी बोका संकलन केन्द्रबाट कर संकलन | ६०,००० |
| ९/०८१/०८२ | सिटिहल भाडा | ७०,००० |

अन्य थप जानकारीको लागि कार्यालयको वेवसाईट www.belakamun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकत**







प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ